चोछें छुमा गणेश बचत तथा ऋण सहकारी संस्था लि.
चोछें, भक्तपुर-६, ०१-६६१९१९६, Email: ccgsacos07@gmail.com
१९ औं वार्षिक साधारणसभा सम्बन्धी जानकारी
कार्यक्रम
मिति : २०८३/०६/१८ गते, आइतबार
स्थान : महाकाली पीठ, महाकालीस्थान, भक्तपुर-६
समय : बिहान ११:०० बजे
हाजिरी : बिहान १० बजेदेखि कार्यक्रम अवधिभर ।
पुनश्च :
➢ २०८३ असार मसान्तसम्म नियमित बचत नगर्ने सदस्य र बाल बचतकर्ताहरू र ऋणको सावाँ ब्याज नियमित नगर्ने सदस्यहरूलाई संस्थाले प्रदान गर्ने खाजा खर्च वितरण गरिनेछैन ।
➢ साधारणसभामा भाग लिन अनिवार्य रूपमा पासबुक वा संस्थाले प्रदान गरेको परिचयपत्र लिएर स्वयम् उपस्थित हुन अनुरोध छ । अन्यथा संस्थाले प्रदान गर्ने खाजा खर्च प्रदान गर्न असमर्थ हुनेछौं ।

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily
दैनिक

Website : www.onlinemajdoor.com

कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं
❖ कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,
❖ कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,
❖ व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,
❖ कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं,
❖ शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,
❖ डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,
❖ मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : २५२ ★ ने. सं. ११४६ ञला गा, षष्ठी ★ शुक्रबार ★ १६ असोज, २०८३ ★ October 2, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## कैलालीमा पार्टी कार्यकर्ता भेला

कैलाली, १५ असोज । नेपाल मजदुर किसान पार्टी कैलाली जिल्ला समितिले बिहीबार लम्कीमा कार्यकर्ता प्रशिक्षण तथा पार्टी प्रकाशनबारे अन्तरक्रिया कार्यक्रम गर्‍यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले नेपालको राजनीतिक आन्दोलनमा नेमकिपा मानिसको मस्तिष्कजस्तै महत्त्वपूर्ण भूमिकामा रहेको बताउनुभयो ।

बरोबर सरकारमा गएका अहिलेसम्मका सबै दल र तिनका नेताहरू 'हात्ती ठुलो भएर मासु खान नहुने' जस्तै असक्षम साबित भइरहेको सचिव सुवालले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीले राजनीतिलाई देश र जनताको निःस्वार्थ सेवा गर्ने क्षेत्र बनाएर अगाडि बढाइरहेको छ । शासक दलहरूले राजनीतिलाई पक्षपात र भ्रष्टाचारको क्षेत्र बनाएको हुँदा देशमा सङ्कट बढ्दै आएको हो ।"

नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईंले सिंहदरबार भनेको भवनमात्र नभई देशको सार्वभौमसत्ताको प्रतीक रहेको उल्लेख गर्दै १० वटा सिंहदरबार बनाउन सक्छौं भनी धाक लगाउनेले पुनःनिर्माण गरेको खोइ भनी प्रश्न गर्नुभयो ।

सुशासनको नाममा सरकारमा आएको नयाँ शासक दलले मन्त्रालयको सङ्ख्या घटाएको देखाएर मन्त्री पदसरह सुविधा लिने १८० जना सल्लाहकार नियुक्त गरेको चर्चा गर्दै केन्द्रीय सदस्य गोसाईंले विदेसबाट नेपाली युवाहरूलाई फर्काउने भन्नेहरूले फेरि घर घरमा पासपोर्ट पुर्‍याउने भनेर पाखण्डीपन देखाइरहेको छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले कामदारवर्गको शासनसत्ता स्थापना गर्नु नेमकिपाको उद्देश्य रहेको स्पष्ट पार्दै संरा अमेरिकाको ऐन, कानुन, नीति नियम मान्न बाध्य पारेको हुँदा एमसीसीको विरोध गर्नु परेको हो भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासीले सार्वभौमसत्ताको सिद्धान्तविपरीत संरा अमेरिकाले संसारका अन्य देशहरूलाई हुकुम दिएको बताउँदै साम्राज्यवादीहरूले आफ्ना दलालमार्फत नेपाललगायत विभिन्न देशमा नवउदारवादी हतियार प्रयोग गरी नवउपनिवेश चलाइरहेको छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य बखतबहादुर थापाले पुँजीवादी व्यवस्थामा शोषण र आर्थिक असमानता चर्कंदै जाने भएकोले समाजवादी व्यवस्था कामदार वर्गको प्रजातन्त्र हो भन्नुभयो ।

नेमकिपा कैलालीका अध्यक्ष रमेश रावलको सभापतित्वमा सम्पन्न कार्यक्रम सीताराम पण्डित, प्रेमबहादुर सिजापति, लक्ष्मी पुन मगर, ज्योति बडुवाल र गगनबहादुर थापालगायतले पार्टी प्रकाशनहरूबारे आ–आफ्नो विचार व्यक्त गर्नुभयो ।

## ज्येष्ठ नागरिकहरूको जीवनका अनुभव, ज्ञान र सीपलाई लिपिबद्ध गर्नुपर्ने




भक्तपुर, १५ असोज । भक्तपुर नगरपालिकाले अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा नगरभित्र सञ्चालित विभिन्न आदर निकेतन, आश्रम तथा ज्येष्ठ नागरिक हेरचाह केन्द्रमा रहेका ज्येष्ठ नागरिकहरूलाई न्यानो ओढ्ने सामग्री र बिस्कुट वितरण गरेको छ ।

कार्यक्रममा प्रा. डा. सिद्धिवीर कर्माचार्यले ख्वप आदर निकेतनका लागि रु. १ लाख ४ हजार ४ सय ४४ आर्थिक सहयोग प्रदान गर्नुभएको छ ।

प्रा. सर्वज्ञभक्त मल्लले निकेतनको सहयोगार्थ रु. १ लाख आर्थिक सहयोग गर्ने घोषणा गर्नुभएको छ ।

भक्तपुर नगरपालिकाले सञ्चालन गरेको ख्वप आदर निकेतन, भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. द्वारा सञ्चालित भक्तपुर आदर निकेतन, सिद्धि मेमोरियल फाउन्डेसनको सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रम र भनपा-१, सल्लाघारीस्थित सहारा केयर सेन्टरमा रहेका ज्येष्ठ नागरिकहरूलाई उक्त सामग्री वितरण गरिएको हो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बिहीबार एक कार्यक्रमबिच भक्तपुर नगरपालिकाद्वारा सञ्चालित वडा नं. ६ स्थित ख्वप आदर निकेतनमा ज्येष्ठ नागरिकहरूलाई फूलमाला लगाई न्यानो ओढ्ने सामग्री र बिस्कुट वितरण गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले ज्येष्ठ नागरिकहरू समाजका अनुभवी, आदरणीय तथा सम्माननीय व्यक्तित्व भएको बताउनुभयो । उहाँहरूले आफ्नो जीवनकालमा शिक्षा, कृषि, सम्पदा संरक्षण, पुनर्निर्माणलगायत विभिन्न क्षेत्रमा पुर्‍याउनुभएको योगदान समाजका लागि सधैँ स्मरणीय र उल्लेखनीय रहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

ज्येष्ठ नागरिकहरू अनुभवका खानी भएकाले उहाँहरूका जीवनका अनुभव, ज्ञान र सीपलाई लिपिबद्ध गर्ने प्रयास गर्नुपर्नेमा प्रमुख प्रजापतिले जोड दिनुभयो ।

ज्येष्ठ नागरिकहरूलाई खुसी र सुखी राख्न सके उहाँहरूको जीवन अझ स्वस्थ र सुखमय बन्ने उल्लेख गर्दै प्रमुख प्रजापतिले ज्येष्ठ नागरिकको सम्मान, हेरचाह र संरक्षण गर्नु सबैको साझा दायित्व भएको बताउनुभयो ।

ख्वप आदर निकेतन सञ्चालन गर्नु नगरपालिकाको महत्त्वपूर्ण योजना भएको उल्लेख गर्दै उहाँले यसलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गरिने बताउनुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले नगरपालिकाले ज्येष्ठ नागरिकको हेरचाह, संरक्षण र सम्मान गर्ने उद्देश्यले ख्वप आदर निकेतन सञ्चालनमा ल्याएको बताउनुभयो ।

नगरपालिकाको निर्वाचन घोषणापत्रमा उल्लेख भएअनुसार आदर निकेतन सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

शिक्षाविद् प्रा. सर्वज्ञभक्त मल्लले उमेर बढ्दै जाँदा ज्येष्ठ नागरिकहरू समूहमा बसेर आपसमा कुराकानी गर्ने

बाँकी पृष्ठ २ मा

## सुशासन र शासकीय सुधार नाउँ मात्र !

काठमाडौं, १५ असोज । रास्वपाको सरकारले ६ महिनाको कार्य अवधि सफल भएको मूल्याङ्कन गर्‍यो । यसअघि सरकारले सय दिनको कार्य अवधिलाई सफल नै भएको स्वीकार्‍यो । सरकारले आफ्नो कार्यलाई सफलता मान्नुको कारण मन्त्रालय घटाउनु, परीक्षा फल चाँडै निकाल्नु, राहदानी तथा नागरिकता सेवामा डिजिटल सहजता विस्तार हुनु र सार्वजनिक सेवामा शून्य बाँकी फाइल/अभियानलाई मान्यो । यस्तै कार्यलाई सरकारले सुशासनको बलियो आधारशिला मान्यो । के यो उपलब्धि नै सुशासनको तस्बिर हो ? के सरकारको यो कदमले भ्रष्टाचार निवारण हुन्छ ? ढिलासुस्ति हट्छ ? कमिसनको खेल अन्त्य हुन्छ ? के यो नै सुशासनको थालनी हो ? के सर्वसाधारण जनताले सरकारी तहबाट पाउनुपर्ने सेवा सुविधा पाएका छन् ? के यही हो सरकारको शासकीय सुधार ? विदेशी सङ्घ संस्थाबाट सञ्चालित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा क्रियाशील युवाहरूको नेतृत्व रहेको यो सरकार नेपाल र नेपाली जनताकेन्द्रित भएर अघि बढ्ला भन्ने विश्वास कसरी गर्ने ? सरकारले के कार्यमा सुधारको थालनी गरेको छ ?

सरकारी कार्यालयमा घुस खान रोकिएको छैन । सरकारले थालनी गरेका विकास आयोजना समयमै सम्पन्न गर्न सकेको छैन । एल. पी. ग्यास आपूर्ति भए पनि पर्याप्त छैन । रासायनिक मल अझै अभाव छ । उच्छृङ्खल गतिविधि बढेको छ । आत्मदाह र हत्या प्रयासको सङ्ख्या बढेको छ । यसले नेपाली जनता असुरक्षित भएको देखाउँछ । सरकारले सर्वसाधारण जनताको सुरक्षासमेत दिन सकेको छैन । बन्द भएका उद्योगहरू सञ्चालनमा आएका छैनन् । विदेश जाने युवा-विद्यार्थी सङ्ख्या बढेको बढ्यै छ । आफ्नै देशमा रोजगारीको अवसर दिन र पढ्न पाउने व्यवस्थाको लागि न सन्तुलित विकासमा जोड दिएको छ न विश्वविद्यालय नै पर्याप्त खोलेको छ । महँगी बढेको छ । समस्या थपेको थप्यै छ । अराजकता बढेको छ । अनि देशमा कसरी सुशासन हुन्छ ? यतातर्फ सरकारले पाइला चालेको खोइ ?

पाँच वर्षको निम्ति जनादेश प्राप्त सरकारले ६ महिनाको कार्य अवधिलाई मूल्याङ्कनको पर्याप्त समय मानेको छैन । तर, सरकार देशमा कसरी अघि बढ्छ ? जनताको माग र इच्छाअनुसार अघि बढेको छ कि छैन भन्ने कुरा मूल्याङ्कन गर्न सकिन्छ । सेवा प्रवाह पनि छरिटो र प्रभावकारी देखिएको छैन । रास्वपाका नेता, मन्त्रीहरूले भ्रष्टाचारीहरूलाई ठाउँका-ठाउँ कारबाही गर्ने, कारबाही गर्न फाइल खोल्ने आश्वासन बाँडेका थिए । यो सरकारको नेतृत्वमा रहेका पदाधिकारीहरूले त स्वच्छ छविका जेनजी पुस्तालाई आन्दोलनको नाउँमा आगजनी र तोडफोडमा फसाएर देशको सम्पत्ति खरानी बनाउने काममा पो ऊर्जा दिएको रहेछ । देशको सम्पत्ति खरानी बनाउन युवा पुस्तालाई प्रेरित गर्ने सरकारले सिंहदरबार, संसद्, सर्वोच्च अदालत, राष्ट्रपतिको भवन, नेताहरूको घर र सयौं अन्य सरकारी तथा निजी भवन जलाउनेहरूलाई कारबाही गर्ला ? दोषीमाथि कारबाही नगर्ने, कारबाही गर्न प्रक्रिया अघि नबढाउने सरकार कसरी स्वच्छ छविको हुन्छ ?

देशमा विदेशी विश्वविद्यालय र कलेजको सङ्ख्या बढिरहेको छ । देशमा सरकारले खोलेका कलेज र विश्वविद्यालयको स्थिति नाजुक छ । स्थानीय तह भक्तपुर नगरपालिकाले मागेको ख्वप विश्वविद्यालयको

बाँकी पृष्ठ ८ मा

## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १३३

**सशस्त्र प्रहरी प्रमुख राजु अर्याल**

भदौ २३ गतेको घटनामा सुरुमा प्रदर्शनकारीहरूलाई नियन्त्रण गर्नमा सशस्त्र प्रहरी बलको संलग्नता थियो । परिस्थिति बिग्रँदै जाँदा सशस्त्र प्रहरीको तर्फबाट बल प्रयोग भई एसएलआर तथा इन्सासजस्ता हतियार प्रयोग भएको तर हवाईफायर मात्र भएको भन्ने सशस्त्र प्रहरीका अधिकारीहरूको भनाइ रहेको छ । सङ्कलित प्रमाणको आधारमा मूल्याङ्कन गर्दा उक्त दिन सशस्त्र प्रहरी बलबाट पनि अत्यधिक तथा अन्धाधुन्ध रूपमा बल प्रयोग भएको पाइन्छ ।

सशस्त्र प्रहरी हतियार चलाउने सुरक्षाकर्मी भएकोले हतियार कुन कुन अवस्थामा कसरी चलाउने भन्ने विषयहरू स्पष्ट हुने गरी Rules या Engagement (ROE) बनाई Scenario based तालिम र Mock Drill गराइरहनु अत्यावश्यक हुन्छ । सशस्त्र प्रहरी महानिरीक्षकले ROE को व्यवस्था सशस्त्र प्रहरीमा लागू गर्न स्पष्ट निर्देशन दिनुपर्नेमा सो नदिई भदौ २३ गतेको घटनामा असन्तुलित रूपमा बल प्रयोग भई हताहतको सङ्ख्या बढेको देखिन्छ । घण्टौंसम्म प्रदर्शनकारी र सुरक्षाकर्मीहरूबिच भएको मुठभेडको स्थितिलाई नियन्त्रण गर्न तनाव कम गरी धातुको गोली प्रहार रोक्न सिजफायरलगायतका उपाय अवलम्बन गर्नेतर्फ पनि अग्रसरता लिएको देखिएन । त्यस अतिरिक्त सङ्घीय संसद् भवन अगाडि ४ घण्टासम्म चलेको मुठभेडलाई निस्तेज गर्न समन्वय गर्नुपर्नेमा उक्त जिम्मेवारी पूरा नगरेको देखिन्छ । भदौ २३ गते एभरेस्ट होटल अगाडि रहेको प्रहरीको ब्यारिकेड तोडेको घटनामा पछि गएर सशस्त्र प्रहरीबाट सहयोग प्राप्त नभएको र नेपाल प्रहरीको नयाँ बानेश्वर चोकमा भिडसँग सामना गर्न निकै अप्ठयारो स्थिति रहेको भन्ने फिल्डमा खटिएका नेपाल प्रहरीका कमान्डरहरूको भनाइ र सीसीटीभी फुटेजले प्रस्ट पार्छ ।

भदौ २४ गते देशका अन्य भागमा भएका घटनाहरूमा पनि सशस्त्र

बाँकी पृष्ठ २ मा

"आर्थिक समृद्धिका लागि बाराही सहकारी"
श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.
Shree Barahi Saving & Credit Co-operative Society Ltd.
ACCESS BRONZE
भुलाँचा-४, भक्तपुर, फोन नं. ६६११३६४
२७ औं वार्षिक साधारणसभामा उपस्थित हुनेसम्बन्धी सूचना
संस्थाका वयोवृद्ध सदस्य नं. १५४९ का **कृष्णमाया खर्बुजाज्यूबाट** उद्घाटन हुने संस्थाको **२७ औं वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा हुने भएकोले यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।
**साधारण सभा हुने मिति, समय र स्थान**
**मिति** : २०८३ आश्विन १७ गते, शनिबार
**स्थान** : शुभकामना पार्टी प्यालेस, भक्तपुर
**उपस्थिति समय** : बिहान ९:३० बजेदेखि दिउँसो १:०० बजेसम्म

# ब्रह्मायणी मन्दिर परिसरमा भक्तपुर नगरपालिकाको सरसफाइ अभियान



भक्तपुर, १५ असोज । भक्तपुर नगरपालिकाको आयोजनामा आउँदै गरेको दसैं पर्वलाई लक्षित गर्दै भक्तपुर नगरपालिका वडा नं. ९ स्थित ऐतिहासिक ब्रह्मायणी मन्दिर परिसरमा सरसफाइ कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले सार्वजनिक स्थलप्रतिको अपनत्व र स्वच्छताको भावना विकास गर्ने उद्देश्यले नगरपालिकाले नियमित सरसफाइ अभियान सञ्चालन गर्दै आएको बताउनुभयो ।

दसैंका अवसरमा ब्रह्मायणी मन्दिरमा ठूलो सङ्ख्यामा भक्तजन आउने तथा विभिन्न दिनमा मेला लाग्ने भएकाले मन्दिर परिसरलाई स्वच्छ र सफा राख्न सरसफाइ कार्यक्रम आयोजना गरिएको उहाँले बताउनुभयो ।

उहाँले धार्मिक तथा सांस्कृतिक स्थलमा पूजाआराधना गर्न आउने भक्तजनले पूजापाठसँगै वरपरको वातावरण सफा राख्न पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

बिहानैदेखि सामूहिक रूपमा गरिएको सरसफाइले सार्वजनिक स्थलप्रति अपनत्व बढाउनुका साथै भक्तपुरको कला, संस्कृति र सम्पदा संरक्षणमा समेत सहयोग पुग्ने उहाँको भनाइ थियो ।

त्यस्तै, भक्तपुर नगरपालिकाका कार्यपालिका सदस्य एवं वडा नं. ९ का सदस्य छोरीमैया सुजखुले धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणसँगै सरसफाइमा सबैको सहभागिता आवश्यक रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले नगरवासीको स्वास्थ्य, स्वच्छता तथा सार्वजनिक एवं सांस्कृतिक सम्पदाको संरक्षणलाई प्राथमिकता दिँदै प्रत्येक महिनाको १ र १५ गते विभिन्न ऐतिहासिक तथा धार्मिक स्थल, खुला क्षेत्र, खोला-नालालगायत सार्वजनिक स्थानमा नियमित सरसफाइ अभियान सञ्चालन गर्दै आएको छ ।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको उक्त कार्यक्रममा जनप्रतिनिधि, नगरपालिका कर्मचारी, विद्यालय तथा कलेजका शिक्षक-विद्यार्थी, विभिन्न सङ्घ-संस्था, क्लब तथा स्थानीय बासिन्दाको सहभागिता रहेको थियो ।

# शैक्षिक ऋण अभिमुखीकरण कार्यक्रम सम्पन्न

भक्तपुर, १५ असोज । भक्तपुर नगरपालिकाको आयोजनामा शैक्षिक ऋणसम्बन्धी अभिमुखीकरण कार्यक्रम मङ्गलबार सम्पन्न भयो । कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले शैक्षिक ऋणको उद्देश्य, महत्त्व तथा विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न पुऱ्याउने सहयोगबारे जानकारी दिनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले विद्यार्थीलाई आर्थिक अभावका कारण उच्च शिक्षा हासिल गर्नबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले शैक्षिक ऋण कार्यक्रम सञ्चालन गर्दै आएको बताउँदै यस कार्यक्रमअन्तर्गत योग्य विद्यार्थीहरूले अधिकतम रु. ७ लाखसम्म ४ प्रतिशत ब्याजदरमा शैक्षिक ऋण प्राप्त गर्न सक्ने व्यवस्था रहेको जानकारी गराउनुभयो ।

उहाँले शैक्षिक ऋणको सही सदुपयोग गर्दै अध्ययनमा लगनशील हुन र प्राप्त अवसरलाई आफ्नो शैक्षिक तथा व्यावसायिक भविष्य निर्माणमा उपयोग गर्न सहभागीहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां तथा भक्तपुर नगरपालिकाको लेखा शाखा प्रमुख रामसुन्दर सुजखुले शैक्षिक ऋण प्राप्त गर्ने प्रक्रिया, आवश्यक कागजात, ऋणको सीमा तथा ब्याजदरबारे सहभागीहरूलाई जानकारी गराउनुभयो ।

अभिमुखीकरण कार्यक्रममा शैक्षिक ऋणका लागि आवेदन दिने प्रक्रिया, ऋण प्राप्त गर्न पूरा गर्नुपर्ने मापदण्ड, आवश्यक कागजात तथा ऋण भुक्तानीसम्बन्धी व्यवस्थाबारे स्पष्ट पारिएको थियो ।

भक्तपुर नगरपालिकाले आर्थिक अभावका कारण उच्च शिक्षा हासिल गर्नबाट विद्यार्थीहरू वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले सञ्चालन गर्दै आएको शैक्षिक ऋण कार्यक्रममा यस वर्ष ८१ जना विद्यार्थी छनोट भएका थिए ।

# पहिरोमा महिलाको शव फेला: मृतकको सङ्ख्या १३

बागलुङ, १५ असोज । यही असोज ९ देखि ११ गतेसम्म आएको अविरल वर्षापछि आएको पहिरोमा परी मृत्यु हुनेको सङ्ख्या १३ पुगेको छ । असोज ११ गते आएको पहिरोमा बेपत्ता भएका तमानखोला गाउँपालिका-४ का सन्तर निवासी ५३ वर्षीया पुनसरा विकको शव बुधबार फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक फणिन्द्र प्रसाईंले जानकारी दिनुभयो । पहिरोले घर पुरिँदा निसीखोला गाउँपालिकामा पाँच, तमानखोला गाउँपालिकामा पाँच र ताराखोला गाउँपालिकामा तीन जनाको मृत्यु भएको हो । मृत्यु हुनेमा तमानखोला गाउँपालिकाका बुद्धिराज घर्ती, भीमदेवी घर्ती, हस्तवीर श्रीपाली र उडिसरा श्रीपालीको मृत्यु भएको छ । **(रासस)**

# पर्यटक पथप्रदर्शकका लागि भक्तपुरमा एकदिने पुनर्ताजगी तालिम

भक्तपुर, १५ असोज । टुर गाइड एसोसिएसन अफ नेपाल (टुर्गान) को आयोजनामा पर्यटक पथप्रदर्शक (टुरिस्ट गाइड) हरूका लागि भक्तपुरमा एकदिने पुनर्ताजगी तालिम भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पर्यटन क्षेत्रले सोचेभन्दा फरक र व्यापक परिणाम दिन सक्ने बताउँदै पर्यटनबाट माथिल्लो तहदेखि सर्वसाधारण जनतासम्म लाभ पुग्ने गरी योजना बनाइनुपर्ने बताउनुभयो । भूकम्प, नाकाबन्दी, बाढीलगायतका समस्याले पर्यटन क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने उल्लेख गर्दै उहाँले पर्यटनलाई दिगो र व्यवस्थित बनाउन भक्तपुर नगरपालिकाले आवश्यक पहल गरिरहेको बताउनुभयो ।

पर्यटकबाट होटल व्यवसायीदेखि स्थानीय जनतासम्म आर्थिक लाभ पुग्ने वातावरण निर्माण गर्न भक्तपुर नगरपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताउँदै उहाँले पर्यटन शुल्कबाट प्राप्त रकम शिक्षा, स्वास्थ्य तथा विकास निर्माणको क्षेत्रमा लगानी गरी नगरवासीलाई प्रत्यक्ष लाभ पुऱ्याउने काम भइरहेको जानकारी दिनुभयो ।

विदेशी पर्यटकको आगमनमा उतारचढाव आइरहने भएकाले भक्तपुर नगरपालिकाले आन्तरिक पर्यटन प्रवर्द्धनमा समेत जोड दिँदै आएको प्रमुख प्रजापतिले बताउनुभयो । यसका लागि नगरपालिकाले संस्कृतिकर्मीहरूलाई सम्मान, परम्परागत सांस्कृतिक बाजा प्रतियोगिता तथा विभिन्न तालिमलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको उहाँले उल्लेख गर्नुभयो ।

भक्तपुरलाई विश्वकै जीवित सङ्ग्रहालयका रूपमा पर्यटकहरूले लिने गरेको उल्लेख गर्दै उहाँले यहाँका मौलिक कला, संस्कृति, सम्पदा र जीवनशैलीको संरक्षण तथा प्रवर्द्धनमा नगरपालिकाले प्राथमिकता दिँदै आएको बताउनुभयो ।

भूकम्पपछिको पुनर्निर्माणको क्रममा भक्तपुर नगरपालिकाले १८५ वटा सम्पदाको पुनर्निर्माण सम्पन्न गरिसकेको जानकारी दिँदै उहाँले जनताको श्रमदान, आर्थिक तथा भौतिक सहयोगबाट सम्पदा पुन:निर्माण हुँदा जनताले गौरव गर्ने वातावरण सिर्जना भएको बताउनुभयो ।

सम्पदाको संरक्षण तथा प्रवर्द्धनमा शैक्षिक संस्थाहरूलाई समेत जोड्दै आएको बताउँदै उहाँले कलेज तथा विश्वविद्यालयका विद्यार्थीहरूलाई अनुसन्धानमा सहभागी गराई आवश्यक सहयोग गर्दै आएको उल्लेख गर्नुभयो । सरसफाइलाई प्राथमिकता दिँदै भक्तपुरलाई सुरक्षित, सुन्दर र व्यवस्थित सहरका रूपमा विकास गर्ने प्रयास भइरहेको उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) द्वारा परिकल्पना गरिएको 'सय वर्षपछिको भक्तपुर' पुस्तकमा उल्लेख भएअनुसार भक्तपुरलाई मौलिक पहिचान कायम राख्दै विश्वकै हेर्नलायक सहरको रूपमा विकास गर्ने लक्ष्य रहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् टुर गाइड एसोसिएसन अफ नेपालकी अध्यक्ष प्रभालक्ष्मी प्रधानाङ्गले भक्तपुरका सम्पदाबारे पर्यटक पथप्रदर्शकहरूलाई सत्यतथ्य र प्रामाणिक जानकारी हुनु आवश्यक रहेको बताउँदै पर्यटकलाई सम्पदाबारे सही जानकारी प्रदान गर्न तथा भक्तपुरको इतिहास, कला, संस्कृति र जीवनशैलीबारे थप ज्ञान हासिल गराउन विज्ञहरूबाट पुनर्ताजगी तालिम आयोजना गरिएको बताउनुभयो । तालिममा सैद्धान्तिक ज्ञानका साथै व्यावहारिक अभ्याससमेत गराइने उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा पर्यटक पथप्रदर्शक कमल त्रिपाठीले पर्यटक पथप्रदर्शकहरूले पर्यटकलाई घुमाउने क्रममा विभिन्न चुनौती र जोखिम सामना गर्नुपर्ने बताउँदै भक्तपुरका सम्पदा अवलोकन गराउने क्रममा पर्यटकलाई यहाँका ऐतिहासिक गल्ली, मौलिक जीवनशैली र सांस्कृतिक पक्षबारे समेत जानकारी दिने व्यवस्था हुनुपर्ने बताउनुभयो । उहाँले पर्यटकको सहजताका लागि भक्तपुरका सम्पदा जोड्ने हेरिटेज रुटको व्यवस्था गर्नुपर्ने, आकस्मिक स्वास्थ्य समस्याका लागि मेडिकल पोस्टको व्यवस्था गर्नुपर्ने र नगरभित्र घुम्न कठिनाइ हुने अशक्त पर्यटकका लागि यातायातको व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

पर्यटकलाई अनावश्यक मानसिक तनाव दिने हर्कसहरूको गतिविधि नियन्त्रण गरी स्वस्थ र मर्यादित व्यापारिक वातावरण निर्माण गर्नुपर्ने तथा अवैध रूपमा गाइडको काम गर्नेहरूलाई प्रोत्साहन गर्न नहुने धारणा पनि उहाँले राख्नुभयो ।

उक्त कार्यक्रममा भक्तपुरका ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाबारे पर्यटक पथप्रदर्शकहरूलाई थप तथ्यपरक ज्ञान प्रदान गर्ने उद्देश्यले सैद्धान्तिक तथा व्यावहारिक प्रशिक्षणको व्यवस्था गरिएको टुर्गानका महासचिव सुविन सितिखुले जानकारी गराउनुभयो ।

**ज्येष्ठ...**

र अनुभव साटासाट गर्ने वातावरण आवश्यक रहेको बताउनुभयो । सामूहिक रूपमा घुलमिल भएर बस्दा ज्येष्ठ नागरिकहरू खुसी र उत्साह बढ्ने उल्लेख गर्दै उहाँले आफ्ना जीवनका अनुभवहरू लेखेर भावी पुस्ता, विशेष गरी नातिनातिनीलाई हस्तान्तरण गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रा.डा. सिद्धिवीर कर्माचार्यले ज्येष्ठ नागरिकहरूले समाजमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै सम्मान गर्ने कार्यक्रम आयोजना हुनु सकारात्मक भएको बताउनुभयो ।

ज्येष्ठ नागरिकहरूका लागि आवश्यक सेवा, सुविधा र सहज वातावरण उपलब्ध गराउनुपर्नेमा जोड दिँदै उहाँले ज्येष्ठ नागरिकको हितका लागि आवश्यक सहयोग गर्न आफू सधैँ प्रतिबद्ध रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जमुना मिश्रले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने कार्यपालिका सदस्य रोशनमैयाँ सुवाल र ख्वप आदर निकेतनका व्यवस्थापक गंगाराम कोजुले पनि बोल्नुभएको थियो ।

प्रभात माध्यमिक विद्यालयका विद्यार्थी संयुक्त सुवालले ज्येष्ठ नागरिकका विषयमा आफ्ना विचार व्यक्त गर्दै ज्येष्ठ नागरिकहरू अनुभव र ज्ञानका भण्डार भएको बताउनुभयो ।

प्रभात माध्यमिक विद्यालयका विद्यार्थीहरूले ज्येष्ठ नागरिकहरूलाई फलफूल प्रदान गर्दै गीत तथा नृत्य प्रस्तुत गरेका थिए ।

त्यस्तै, भक्तपुर आदर निकेतनमा नगरपालिकाका उपप्रमुख रजनी जोशी, सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व र वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छें तथा सहारा केयर सेन्टरमा भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र वडा नं. १ का श्यामकृष्ण खत्रीले ज्येष्ठ नागरिकहरूलाई सामग्री वितरण गर्नुभएको थियो ।

सोही क्रममा सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रमका सञ्चालक समितिका अध्यक्ष श्यामसुन्दर धौभडेलले नगरपालिकालाई धन्यवाद ज्ञापन गर्नुभयो ।

भक्तपुर नगरपालिकाभित्र सञ्चालित विभिन्न ज्येष्ठ नागरिक हेरचाह केन्द्रमध्ये ख्वप आदर निकेतनमा २८ जना, भक्तपुर आदर निकेतनमा ३८ जना, सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रममा ४४ जना र सहारा केयर सेन्टरमा २७ जना गरी कुल १३७ जना ज्येष्ठ नागरिक आश्रित रहेका छन् ।

**कार्की...**

प्रहरी बलको सक्रिय सहयोग प्राप्त नभएको भन्ने जाँचबुझ आयोगका अधिकारीहरूसमक्ष फिल्डमा खटिएका सुरक्षाकर्मी र अन्य प्रशासन प्रमुखहरूले व्यक्त गरेका छन् । भदौ २४ गते प्रहरी वृत्त नयाँ बानेश्वर अगाडिको पुलमा डिउटीमा तैनाथ सशस्त्र प्रहरी बलले प्रहरी वृत्तमा रहेका प्रहरी कर्मचारीहरूमाथि आक्रमण हुँदा पनि सहयोग नगरी पच्छिएर हिँडेको भन्ने नेपाल प्रहरीका अधिकृत जवानहरूको बयानमा उल्लेख छ । भदौ २४ गते सशस्त्र प्रहरी बलका प्रमुखले आफ्नो मातहत प्रहरी बललाई स्पष्ट निर्देशनसहित उचित तरिकाले समयमै परिचालन नगर्दा काठमाडौँ उपत्यकालगायत देशभरि नै लुटपाट र आगजनीजस्ता घटनाहरू व्यापक रूपमा घटेको देखिन्छ ।

सशस्त्र प्रहरीका प्रमुखले भदौ २३ गते सङ्घीय संसद् भवन अगाडि अन्तिम बल प्रयोगपछि स्थिति क्रमैसँग नियन्त्रणमा आएको जिकिर लिनुभएको छ । तर, त्यस दिनको CCTV फुटेज हेर्दा गोली प्रहारपछि स्थिति झन् तनावपूर्ण भएको देखिन्छ । यसबाट निजको भनाइ यथार्थपरक देखिँदैन ।

भदौ २३ र २४ गते गोलीगट्ठा खर्च गर्ने प्रहरी अधिकृत तथा जवानहरूमध्ये नियमित प्रयोग हुने हतियार र गोलीगट्ठाको व्यक्तिगत अभिलेख विवरण आयोगसमक्ष बयान गर्दा 'पछि पेस गर्ने' भनेको तर पटक पटक ताकेता गर्दा पनि उपलब्ध नगरेको हुँदा गोली खर्च गर्ने सशस्त्र प्रहरी अधिकृत तथा जवानहरूको यकिन पहिचान हुन नसकेको र यस्तो संवेदनशील विषयमा अभिलेख दुरुस्त नहुनु र उपलब्ध नगराउनु भनेको सशस्त्र प्रहरी बलको सङ्गठन प्रमुखको गैरजिम्मेवारी र लापरवाहीपूर्ण कार्य हो ।

भदौ २३ र २४ गतेको घटनामा सशस्त्र प्रहरी भित्रको सूचना सङ्कलन एकाइलाई आवश्यक जानकारी नहुनुले यसको प्रभावकारी परिचालनमा सशस्त्र प्रहरी प्रमुख चुकेको देखिन्छ । सञ्चारको Voice Log तथ्य पत्ता लगाउने एउटा बलियो आधार हो । सोही कारण आयोगबाट Voice Log पटक पटक माग गर्दा सशस्त्र प्रहरी बल नेपालले उपलब्ध गराएन । Voice Log उपलब्ध गराउँदा आफूविरुद्ध प्रमाण लाग्ने भयले उपलब्ध नगराएको हुन सक्छ ।

भदौ २३ गते करिब १२:०० बजे सुरु भएको प्रदर्शनकारी र प्रहरीबिचको चारघण्टासम्म चलेको झडपमा सशस्त्र प्रहरी बल नेपालको सङ्गठन प्रमुखको नाताले निजले सुरक्षा निकायबिच समन्वय गरी जोखिम न्यूनीकरण गोली प्रहार रोक्न सिजफायरलगायत आफ्नो मातहत र अन्य सुरक्षा निकायबिच समन्वय गरेको भए हताहतको सङ्ख्या कम हुनसक्थ्यो । सशस्त्र प्रहरी बल नेपालको प्रमुखको महत्त्वपूर्ण जिम्मेवारी सम्हालेका व्यक्तिबाट समयमा नै जोखिम न्यूनीकरण गर्न आवश्यक पहल गरेको देखिएन ।

भदौ २४ गते प्रदर्शनकारीहरूले सशस्त्र प्रहरी बलका हातहतियार आफ्नो कार्यालयबाट लुटेर लगेको हुँदा समयमै परिस्थितिको मूल्याङ्कन गरी हातहतियार, गोलीगट्ठा र असवावहरू सुरक्षित स्थानमा राख्ने प्रयास किन गरिएन ? हातहतियार, गोलीगट्ठाजस्ता अति संवेदनशील सामाग्रीहरू समयमा नै सुरक्षित स्थानमा लगी सुरक्षित गर्नसक्ने अवस्था थिएन भने तिनलाई तत्कालै निष्कृय/नष्ट गरी लुटेराहरूको हातमा जानबाट रोक्न सकिन्थ्यो तर सो कार्य गरेको देखिएन ।

हातहतियार लुटिसकेको अवस्थामा के कति कारणले लुटिए, किन बचाउन सकिएन, बचाउन नसक्ने अवस्था भए किन नष्ट गर्न सकिएन र यी सबै कार्यमा संलग्न सशस्त्र प्रहरी र तीनका निकटस्थ कमाण्डरहरूको के-कस्तो भूमिका रह्यो भन्ने सम्बन्धमा विश्लेषण गरी सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २८ बमोजिम विशेष अदालत गठन गरी अनुसन्धान एवम् कारबाही हुनुपर्नेमा सो गरिएको भए सोको जानकारी आयोगसमक्षको बयानमा उल्लेख नगरेको र कुनै किसिमको लिखित जानकारी आयोगलाई नगराइएको विषय सशस्त्र प्रहरी बलको प्रमुखको सो कार्य लापरबाही एवम् गैरव्यवसायिक देखिन आयो ।

## सङ्क्षिप्त समाचार

# एक महिनामा ८८ हजार विदेशी पर्यटक भित्रिए

काठमाडौँ, १५ असोज । सन् २०२६ को सेप्टेम्बर महिनामा ८८ हजार २४८ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डका अनुसार दक्षिण एसियाबाट मात्र सेप्टेम्बरमा ३० हजार ८५ पर्यटक नेपाल आएका हुन् । नेपाल आउने पर्यटकमध्ये सबैभन्दा धेरै भारतीय पर्यटक रहेका छन् । बोर्डका अनुसार सेप्टेम्बरमा १७ हजार ४२५ भारतीय पर्यटक नेपाल भित्रिएका छन् ।

यसबाहेक श्रीलङ्काबाट सात हजार १०८, बङ्गलादेशबाट तीन हजार ९६४, भुटानबाट एक हजार १११, पाकिस्तानबाट ४२९, माल्दिभ्सबाट ४८ र अफगानीस्तानबाट आठ पर्यटक नेपाल भित्रिएका छन् ।

अन्य एसियाली मुलुकबाट १९ हजार ८८८ पर्यटक नेपाल आएका छन् । चीनबाट ११ हजार २१२, जापानबाट दुई हजार ६६, दक्षिण कोरियाबाट एक हजार ४१२, थाइल्याण्डबाट ६०१ र भियतनामबाट ६३७ पर्यटक नेपाल भित्रिएका हुन् ।

युरोपेली मुलुकबाट १५ हजार १४८, ओसियाना मुलुकबाट पाँच हजार ४२२, अमेरिकी मुलुकबाट १० हजार १०७, मध्यपूर्व क्षेत्रबाट दुई हजार ६०६ र अफ्रिकाबाट चार हजार ५६८ पर्यटक नेपाल भित्रिएका छन् । गत वर्षको सेप्टेम्बर महिनामा ७८ हजार ७११ विदेशी पर्यटक नेपाल भित्रिएका थिए । गत वर्षको तुलनामा यसवर्ष सेप्टेम्बर महिनामा विदेशी पर्यटकको आवागमन सङ्ख्या बढे पनि गत भदौ १० गते रसुवाको भोटेकोसी नदीमा गएको बाढीका कारण उल्लेख्य पर्यटक भित्रिन नसकेको बोर्डले जनाएको छ । *(रासस)*

# यूटीएलले तिर्नुपर्ने बक्यौता र जरिवाना सरकारी बाँकी सरह असुलउपर गरिने

काठमाडौँ, १५ असोज । नेपाल दूरसञ्चार प्राधिकरणले आधारभूत टेलिफोन सेवाको अनुमति रद्द भएको युनाइटेड टेलिकम लिमिटेड (युटिएल) ले तिर्नुपर्ने बक्यौता र सोमा लाग्ने जरिवाना सरकारी बाँकीसरह असुलउपर गर्ने निर्णय गरेको छ । उक्त कम्पनीले फ्रिक्वेन्सी दस्तुर, रोयल्टी, ग्रामीण दूरसञ्चार विकास कोषको रकम र सोमा लाग्ने भदौ मसान्तसम्मको थप दस्तुरसहित विभिन्न शीर्षक गरी कुल आठ अर्ब पाँच करोड २२ मिनेट ५७ हजार १५ रूपैयाँ ७६ पैसा बक्यौता बुझाउन बाँकी रहेको प्राधिकरणले जनाएको छ ।

सो कम्पनीको सम्पूर्ण सम्पत्ति र दूरसञ्चार पूर्वाधार, संरचना, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जाल अनुमतिपत्र बहाल नरहेको दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ बमोजिम नियन्त्रणमा लिई मूल्य निर्धारण समिति गठन प्रक्रिया अघि बढाउने निर्णय भएको प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले जानकारी दिनुभयो ।

प्राधिकरणले युनाइटेड टेलिकमको नाममा रहेको चलअचल सम्पत्ति र बैङ्क खाता रोक्का राख्न सम्बन्धित निकायमा पत्राचार गरेको छ । युनाइटेड टेलिकमले लिएको अधारभूत टेलिफोन सेवाको अनुमतिपत्र गत भदौ २० गतेदेखि स्वत: रद्द भएको थियो । प्राधिकरणले भदौ महिनामा विभिन्न १० वटा सेवा प्रदायकले पेस गरेको महसुलदर स्वीकृति प्रदान गरेको छ । सेवाहरूको महसुलदर स्वीकृत भएकोसम्बन्धी सूचना प्रकाशन गर्न सेवा प्रदायकलाई निर्देशन दिइएको प्राधिकरणद्वारा बिहीबार आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता अर्यालले जानकारी दिनुभयो । *(रासस)*

# रसुवा बाढीले क्षतिग्रस्त गल्छी-बेत्रावती सडकमा ट्र्याक खुल्यो, आवतजावत सुरु

काठमाडौँ, १५ असोज । रसुवा बाढीका कारण क्षतिग्रस्त गल्छी-बेत्रावती सडकखण्डमा ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ । ट्र्याक खुलेसँगै उक्त सडकखण्डमा सर्वसाधारणको आवतजावतसमेत सुरु भएको भौतिक पूर्वाधार विकासमन्त्रालयले जानकारी दिएको छ । रसुवासँग जोडिने मुख्य सडक मार्गका रूपमा रहेको उक्त सडकखण्डमा ट्र्याक खुले पनि ग्रेड मिलाउने र ग्राभेल हाल्ने काम भने बाँकी रहेको बताइएको छ । सडक निर्माण तथा मर्मतको काम भइरहेका बेला बाक्लो सवारी आवतजावत हुँदा निर्माण कार्य प्रभावित भइरहेको छ ।

यसैबिच, ट्र्याक खोल्ने काम सम्पन्न भएसँगै सडकखण्डमा बेलिब्रिज जडानको कामसमेत अघि बढाइएको छ । नुवाकोटतर्फ बेलिब्रिज निर्माणका लागि फाउन्डेसन तयार भइसकेको छ भने नेपाली सेनाको सहयोगमा बेलिब्रिज जडानको तयारी सुरु गरिएको छ । बाढीका कारण सडक संरचनामा क्षति पुगेपछि रसुवा आवतजावत प्रभावित हुँदै आएको थियो । ट्र्याक खुलेसँगै यातायात सञ्चालनमा सहजता आउने र बेलिब्रिज जडानपछि सडकमार्ग थप व्यवस्थित हुने अपेक्षा गरिएको छ । *(रासस)*

# रासायनिक मल सुनिश्चितताका लागि अध्ययन कार्यदल गठन

काठमाडौँ, १५ असोज । नेपालमा रासायनिक मल कारखाना स्थापना भएका खण्डमा उत्पादित मलको खरिद सुनिश्चितताका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्था पहिचान गर्न कृषि, वन तथा पर्यावरण मन्त्रालयले अध्ययन कार्यदल गठन गरेको छ ।

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले बिहीबार मन्त्रिस्तरीय निर्णय गर्दै कृषि, अर्थ, उद्योग तथा ऊर्जा मन्त्रालय र सार्वजनिक खरिद अनुगमन कार्यालयका विज्ञ सम्मिलित कार्यदल गठन गर्नुभएको हो ।

मन्त्रालयका प्रवक्ता डा. महेश्वर ढकालले नेपालमा रासायनिक मल उत्पादन सुरु भएपछि उत्पादित मलको बजार सुनिश्चितता, सरकारी खरिदको सम्भावना, खरिद सुनिश्चिततासम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्था र आवश्यक संस्थागत संरचनाबारे कार्यदलले अध्ययन गर्ने जानकारी दिनुभयो ।



**बाढीले बगाएको वडा कार्यालय**

अविरल वर्षापछि दरमखोलामा आएको बाढीले बगाएको बागलुङको गलकोट नगरपालिका-९ को वडा कार्यालय भवन । भवन बगाएपछि सेवा प्रवाहमा समस्या भएको छ । बाढीले असोज ११ गते वडा कार्यालय बगाएको हो । *तस्बिर: खेमराज गौतम/रासस*

# बाढीपहिरोले क्षति पुऱ्याएको बेनी-जोमसोम सडक मर्मत सुरु

म्याग्दी, १५ असोज । पछिल्लो भरीपछिको बाढी पहिरोका कारण क्षति पुगेको म्याग्दीको सदरमुकाम बेनीदेखि पर्यटकीय जिल्ला मुस्ताङ जोड्ने बेनी-जोमसोम सडक मर्मत थालिएको छ ।

बेनी-जोमसोम कोरला सडक योजनाले जोमसोम र बेनीतर्फबाट सडक मर्मत थालेको हो । आयोजना प्रमुख तेजस्वी शर्माले जोमसोमदेखि म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ नागढुङ्गासम्म सडक मर्मत भइसकेको जानकारी दिनुभयो ।

"कालीगण्डकी नदीको कटान, बाढी र पहिरोले २०२ किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडकको ४६ ठाउँमा क्षति पुगेको छ", उहाँले भन्नुभयो, "मालढुङ्गादेखि बेनी हुँदै गलेश्वरसम्म र जोमसोमदेखि दाना हुँदै नागढुङ्गासम्म मर्मत भई यातायातका साधन सञ्चालन हुन थालेका छन् ।"

रघुगङ्गा गाउँपालिका-३ तिल्केनीचौरदेखि अन्नपूर्ण गाउँपालिकाको भुरुङ-तातोपानी खण्डको सडक मर्मतका लागि स्थानीयस्तरमा उपलब्ध सडक विभाग, जलविद्युत आयोजना र निर्माण व्यवसायीको उपकरण र मजदुर परिचालन गरिएको छ ।

असोज ११ गते कालीगण्डकी बाढीले पोखरेबगरमा बगाएको सडक पुलको पहुँचमार्ग मर्मत कार्य पनि बिहीबार देखि सुरु गरिने आयोजना प्रमुख शर्माले बताउनुभयो । बेनी-जोमसोम सडक अवरुद्ध हुँदा रसुवा र तातोपानी नाकाको विकल्पका रूपमा चीनसँगको व्यापारिक नाका कोरलासँगको यातायात सम्पर्क टुटेको छ ।

कोरला नाकामा सामान लिन गएका सयौँ कन्टेनर मुस्ताङमै रोकिएका छन् । मुस्ताङ र म्याग्दीको अन्नपूर्ण तथा रघुगङ्गा गाउँपालिकासँग यातायात सम्पर्कविच्छेद भएको छ । मुस्ताङमा उत्पादन भएको स्याउ, आलु बजार पठाउन सकिएको छैन । दसैँका लागि भेडाच्याङ्रा बजारमा बिक्रीका लागि लैजान समस्या भएको छ ।

पर्यटकीय गतिविधि ठप्प बनेको छ । बाढीपहिरो प्रभावित क्षेत्रमा राहत सामग्री पुऱ्याउन, जटिल प्रकृतिका बिरामीलाई अस्पताल पुऱ्याउन हेलिकप्टरको साहरा लिनुपरेको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो ।

कटिङ, फिलिङ, डाइभर्सन, नयाँ मार्ग खोल्ने विकल्प अपनाएर सडक खुलाउने प्रयास गरिएको छ । तिल्केनीचौरस्थित राहुघाट जलविद्युत आयोजनाको विद्युतगृह परिसरमा सडक खुलाउन चुनौती देखिएको छ । यसअघि सडक भएको ठाउँमा कालीगण्डकीले कटान गरेर आयोजनाको स्वीचयार्ड नजिकैबाट नदी बगेको छ ।

सडक खुलाउनका लागि स्वीचयार्डका प्रयोगमा नरहेका वैकल्पिक रूपमा रहेका दुई वटा टावर हटाउनुपर्ने भएको छ । टावर हटाउनका लागि राहुघाटको प्रवर्द्धक रघुगङ्गा हाइड्रोपावरको सञ्चालक नेपाल विद्युत् प्राधिकरणलाई पत्राचार गरिएको प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताउनुभयो । सडक मर्मतका लागि इन्धन आपूर्तिलाई पनि सहज बनाउने प्रयास गरिएको उहाँले बताउनुभयो । *(रासस)*

# कृषि तथा वन विज्ञान विश्वविद्यालय : अध्ययन बिदा छानबिन गर्न छानबिन समिति गठन

चितवन, १५ असोज । कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरका शिक्षक तथा कर्मचारीले लिएको अध्ययन बिदा दुरुपयोग भएको भन्ने गुनासोपछि छानबिन गर्न समिति गठन गरिएको छ । विश्वविद्यालयको वनविज्ञान सङ्कायका डीन डा. गान्धिव काफ्लेको संयोजकत्वमा समिति गठन गरिएको हो ।

विश्वविद्यालयका रजिस्ट्रार प्रा डा. सुवीर सिंहले जारी गरेको पत्रअनुसार शिक्षा तथा खेलकुद मन्त्रालय र विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त निर्देशन तथा विश्वविद्यालयको कार्यकारी परिषद्को निर्णयका आधारमा समिति गठन गरिएको उल्लेख छ ।

समितिमा कृषि सङ्कायका सहायक डीन (प्रशासन) डा. कृष्णप्रसाद थपलिया, पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान सङ्कायका सहायक डीन (प्रशासन) राजेन्द्र बस्याल र सहप्रशासक सहदेव चौधरी सदस्य रहनुभएको छ । कर्मचारी प्रशासन महाशाखाका कामु उपप्रशासक दिनेश अधिकारी सदस्यसचिव रहनुभएको छ ।

समितिले विश्वविद्यालय स्थापना भएदेखि वा अन्य विश्वविद्यालय तथा निकायबाट समायोजन भई विश्वविद्यालयको शिक्षक तथा कर्मचारी सेवामा रहेका र अध्ययन बिदा लिएका शिक्षक तथा कर्मचारीको बिदा स्वीकृति, अध्ययनको अवस्था, बिदाको प्रयोजन तथा बिदा अवधिमा भए/गरेका गतिविधिबारे छानबिन गर्ने पत्रमा उल्लेख छ ।

त्यसैगरी, अध्ययन बिदाको स्वीकृति प्रक्रिया, अध्ययनको प्रगति तथा बिदाको अवधिमा सम्बन्धित शिक्षक तथा कर्मचारीले गरेका गतिविधिलाई छानबिनको आधार बनाइने विश्वविद्यालयले जनाएको छ ।

समितिले तोकिएको कायदेशअनुसार अध्ययन बिदा दुरुपयोगसम्बन्धी विषयमा छानबिन गरी तीन महिनाभित्र विश्वविद्यालयको रजिस्ट्रार कार्यालयमा विस्तृत प्रतिवेदन बुझाउनेछ । विसं २०६९ मा स्थापना भएको यस विश्वविद्यालयमा प्राध्यापक कर्मचारी गरी ७७१ जना छन् । जसमध्ये १७२ जना प्राध्यापन र ५९९ जना कर्मचारी रहेका छन् । तीमध्ये प्राध्यापनतर्फका ४० जना र कर्मचारी २५ जना बिदामा रहेको रजिस्ट्रार सिंहले जानकारी दिनुभयो ।

उहाँहरू र यसअघि बिदा लिएकाहरूले बिदाको सही उपयोग गरे/नगरेकोसमेत अध्ययन गरी प्रतिवेदन तयारका लागि समिति बनाइएको उहाँले बताउनुभयो । यसअघि बिदामा गएर नआएका कोही भए त्यसकोसमेत समितिले खोजी गर्ने उहाँको भनाइ छ । *(रासस)*

# घिरिङमा बाढीपहिरोले सात झोलुङ्गे पुल र बेलिब्रिजमा क्षति

दमौली (तनहुँ), १५ असोज । अविरल वर्षाका कारण आएको बाढी तथा पहिरोका कारण तनहुँको घिरिङ गाउँपालिकामा सात वटा झोलुङ्गे पुल र एक वटा बेलिब्रिजमा क्षति पुगेको छ । यस्तै, भिमाद-रामपुर सडकखण्ड प्रभावित भएको छ ।

बाढीपहिरोले गाउँपालिकाका विभिन्न स्थानमा भएको क्षतिको अवस्था बुझ्न जिल्ला सुरक्षा समितिको टोलीले बुधबार स्थलगत अनुगमन गरेको थियो । प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय तनहुँका प्रमुख प्रहरी उपरीक्षक टेकबहादुर कार्की, घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापालगायतको टोलीले क्षतिग्रस्त संरचनाको निरीक्षण गरेको हो ।

बाढीपहिरोका कारण पुल तथा सडकमा क्षति पुगेपछि स्थानीयवासीको आवागमनमा समस्या भएको छ । विशेषगरी झोलुङ्गे पुलमा भएको क्षतिले गाउँका विभिन्न बस्तीबिचको सम्पर्क प्रभावित भएको छ । बेलिब्रिज तथा सडकमा भएको क्षतिले यातायात सञ्चालनमा चुनौती थपिएको छ । टोलीले क्षतिग्रस्त संरचनाको स्थलगत अवलोकन गर्दै तत्काल गर्नुपर्ने व्यवस्थापन तथा पुन:निर्माणका लागि गर्नुपर्ने आवश्यक समन्वयका बारेमा जानकारी लिएको थियो ।

*(रासस)*

। सम्पादकीय ।

# सरकारका चारओटै निकायलाई कमान्डमा राख्न असक्षम नेका र एमालेको सरकार

नेपालको संविधान २०७२ अनुसार प्रधानमन्त्री पद देशको मियोजस्तै हो । गत वर्ष भदौ २३ र २४ गतको उपद्रोलाई रोक्न असक्षम तत्कालीन प्रधानमन्त्री केपी ओली सुरक्षा निकायलाई कमान्ड गर्न नसकेको पुष्टि भयो । भदौ २३ गते अपरान्ह १२:३० बजे नेपाली सेनाको टोलीलाई सिंहदरबारबाट सङ्घीय संसद् भवनतर्फ पठाइएको थियो । हिँडेर १५ मिनेटमा पुग्ने दूरीमा नेपाली सेनाको ट्रक सडक अवरोधको कारण अपरान्ह ३ बजेमात्र पुग्यो । त्यतिबेला बानेश्वर चोकमा झडप र सङ्घीय संसद् भवनको पर्खाल तोडफोडसहित गोली चलिसकेको थियो । तत्कालीन प्रम ओली यो संवेदनशील विषयमा कसरी सचेत भएनन् ?

भदौ २३ गते रातभरि सङ्घीय संसद् भवनको सुरक्षामा बसेको नेपाली सेनाको टोली भदौ २४ गते आगजनी सुरू भएपछि बाहिर किन निस्कियो ? के नेपाली सेनाको टोलीलाई आगजनी रोक्न लगाउने जिम्मेवारी तत्कालीन प्रधानमन्त्री ओलीको होइन ? ओलीले यो संवेदनशील विषय आफूलाई जानकारी नदिने संयन्त्रको भरमा ३-४ पटक प्रधानमन्त्री कसरी भए ? के ओली कतैबाट कुर्सीमा सुरक्षित गरिएका प्रधानमन्त्री थिए ?

तत्कालीन प्रधानमन्त्री ओली भदौ २४ गते बिहान ८ बजे आफू झन्डै दुईतिहाइको सरकारको नेतृत्व गरेको भनी राजीनामा नदिने र अपरान्ह १:३० बजे आफू बसेको सरकारी निवास बालुवाटारमा समेत आगजनी सुरू भएपछि नेपाली सेनालाई राजीनामा बुझाएर १२ दिन गुमनाम हुनु कसैको सामु आत्मसमर्पण हो ? नेपालको संविधानअनुसार प्रम ओलीले राष्ट्रपतिलाई भेटेर राजीनामा दिनुपर्ने होइन ? नेपाली सेनालाई राजीनामा बुझाएर प्रधानमन्त्री ओली सैनिक हेलिकप्टरमार्फत गुमनाम हुन मिल्छ ? निश्चय नै मिल्दैन ।

राष्ट्रपति रामचन्द्र पौडेलले गत वर्ष भदौ २४ गते आफूसमक्ष नआएको तत्कालीन प्रम ओलीको राजीनामा स्वीकृत गरी पुन: ओलीलाई अर्को व्यवस्था नभएसम्म कामचलाउ प्रधानमन्त्रीको जिम्मेवारी दिएको पनि अचम्मको विषय हो । ओलीको राजीनामा स्वीकृत गरेका राष्ट्रपति पौडेलको पनि राजीनामा मागिएको र त्यतिबेला राष्ट्रपति पौडेल रोएर कुर्सीमा टाँसिरहेको पनि सार्वजनिक भयो । राष्ट्रपति पौडेललाई राजीनामा गराई पूर्वराजालाई नै सत्तामा ल्याउने तयारी भएको तर पूर्वराजाले आफूलाई हटाउने नेका, एमाले, तत्कालीन माओवादीहरूको लिखित आग्रह आउनुपर्ने जिकिर गरेको पनि सार्वजनिक भयो । देशमा यो सङ्कट आउनुमा बहुदलीय व्यवस्था पुन: स्थापनाको ३५ वर्षयता पालैपालो सरकारको नेतृत्व गरेका नेका, एमाले र तत्कालीन माओवादीसमेत असक्षम भएर नै हो ।

राष्ट्रपति पौडेलसमेत सरकारी निवास राष्ट्रपति कार्यालय छाडेर तीन दिन गुमनाम भएको सार्वजनिक भयो । राष्ट्रपतिले नेपाली जनतालाई जानकारी नगराई सरकारी निवास छाडेर गुमनाम हुनु कसको सामु घुँडा टेकेको हो ? यो प्रश्न पनि उठिरहेको छ । के तत्कालीन प्रधानमन्त्री ओली र राष्ट्रपति पौडेलको कमान्डमा सरकारका चारओटै निकाय कमान्डमा नरहेको हो ? भदौ २३ र २४ गतेको उपद्रोबारे छानबिन गर्न गठित आयोग र राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन अध्ययनले यही बताउँछ । उक्त प्रतिवेदनअनुसार जो उपद्रोमा उत्रिए उनीहरू नै सरकारमा पुगे । यो अर्को अचम्म होइन ?

# कम्युनिस्ट को हुन्, को होइनन् ?

कम्युनिस्ट आन्दोलनमा कम्युनिस्ट विचार र व्यवहार एवं कम्युनिस्ट नैतिकताबारे प्रशस्तै विवेचना भएका छन् । एउटा असल कम्युनिस्टले धर्म, संस्कृति, परम्परा र संस्कारहरूबारे कसरी सोच्दछ ? चिन्तनदेखि व्यवहारसम्मका सृङ्खलामा उसले आफूलाई कता र कसरी उभ्याउँछ ? यहाँ यसबारे थोरै चर्चा गरिएको छ ।

पहिलो, कम्युनिस्टहरू भौतिकवादी हुन्छन् । उनीहरू हरेक कुरा विज्ञानको कसीमा जाँच्ने कोशिश गर्छन् । कम्युनिस्टहरू ईश्वर, धर्म, पूर्वजन्म, पुनर्जज्म, स्वर्ग, नर्क, परलोक, वैकुण्ठबासजस्ता काल्पनिक मान्यताको विरोध गर्छन् । एउटा सच्चा कम्युनिस्टले त्यो कुरा मात्र मान्दछ, जुन विज्ञानको प्रयोगशालाबाट प्रमाणित वा प्रमाणित हुने सम्भावना राख्दछ । हामीकहाँ भौतिकवाद र आध्यात्मिक चिन्तन मिलाएर छुट्टै दर्शन बनाउने वकालत र अभ्यास गरेको पाइन्छ, जुन मार्क्सवाद होइन, पुँजीवादकै अपवित्र सन्तान मात्र हो ।

दोस्रो, कम्युनिस्टहरू द्वन्द्ववादी हुन्छन् । द्वन्द्ववादले हो पनि भन्छ, होइन पनि भन्छ । हरेक वस्तु, घटनाक्रम र समाजका प्रत्येक घटनालाई सकारात्मक र नकारात्मक कोणबाट विश्लेषण गर्नु द्वन्द्ववाद हो । द्वन्द्ववादले कुनै पनि वस्तु, घटना वा व्यक्तिलाई सतप्रतिशत सही वा सतप्रतिशत गलत मान्न सक्दैन । प्रत्येक वस्तु, घटना वा व्यक्तिमा केही राम्रा र केही नराम्रा गुण हुन्छन् । हामीले राम्रा र नराम्रा गुणहरूको तुलनात्मक अध्ययन गर्नुपर्दछ अनि राम्रा र नराम्रा गुणमध्ये कुन गुण बढ्ता छन्, त्यसकै आधारमा निष्कर्ष निकाल्नुपर्छ । एउटा कुनै कुरा चित्त नबुझे त्यसलाई पूर्णत: गलत र एउटा गुण राम्रो लागे त्यो पूर्णत: ठीक ठान्ने प्रवृत्ति द्वन्द्ववाद होइन, अधिभूतवाद हो ।

तेस्रो, कम्युनिस्टहरू आलोचनात्मक र क्रान्तिकारी हुन्छन् । एक पत्रकारले मार्क्सलाई सोधे, "तपाईँलाई सबैभन्दा मनपर्ने सूत्रवाक्य के हो ?" मार्क्सको जवाफ थियो, "हरेक कुरामाथि शङ्का गर ।" आलोचनात्मक चेतबाट कुनै पनि वस्तु वा घटनाक्रमको अध्ययन गर्नु मार्क्सवाद हो । तर, त्यो आलोचना ध्वंसका लागि होइन, सिर्जनाका लागि हुनुपर्छ । त्यो आलोचना अग्रगति र सामाजिक रूपान्तरणका लागि हुनुपर्छ ।

चौथो, कम्युनिस्टहरू रुढीवाद र अन्धविश्वासका विरोधी हुन्छन् । उनीहरू बोक्सी, भूतप्रेत, ईश्वरलगायत कुनै पनि अलौकिक शक्तिमा विश्वास गर्दैनन् । आफ्ना पुर्खाहरू मरेपछि बैतरणी तर्ने, स्वर्ग वा नर्क जाने कुरामा विश्वास गर्दैनन् । बरु, त्यसको स्थानमा प्रगतिशील संस्कार र मान्यता स्थापित गर्ने प्रयत्न गर्दछन् । तर, हामीकहाँ बिरामीलाई अस्पताल नलगेर धामी-झाँक्रीकहाँ लैजाने, मान्छे मरेपछि गौदानलगायतका दान गर्ने, पितृका नाममा पिण्ड दिने, अनि आफूलाई सच्चा कम्युनिस्ट भन्नेहरूको कमी छैन । भूतप्रेत मन्साउने, ग्रहदशा हेराउने र काट्नेहरू आफूलाई कम्युनिस्ट भन्दछन् । मार्क्सवादी सिद्धान्तअनुसार उनीहरू कम्युनिस्ट होइनन् । बरु, आध्यात्मिक दर्शनका अनुयायी हुन् ।

पाँचौं, कम्युनिस्टहरू विज्ञान र अन्वेषणमा विश्वास गर्छन् । उनीहरू हरेक विषयमा प्रश्न गर्दछन् । कुनै पनि कुराको वैज्ञानिकता पुष्टि हुन प्रयोगको नतिजा खोज्दछन् । मार्क्सवादले ब्रह्माण्डका कैयौं कुराको अन्वेषण हुन बाँकी नै रहेको तथ्यलाई स्वीकार गर्दछ । तर, कहिल्यै पनि काल्पनिक कुरामा विश्वास गर्दैन । कतिपयले मानव मस्तिकको क्षमता, भावना र मानिसको श्वासप्रश्वास प्रक्रियाको जटिलतालाई अलौकिक शक्तिसँग जोड्ने प्रयत्न गर्दछन् र कम्युनिस्टहरू त्यसको रनभुल्लमा पर्दछन् । तर, मार्क्सवादले त्यसमा पनि तथ्यको खोजी गर्दछ ।

छैटौं, कम्युनिस्टहरू कुनै बहादुर, वीर वा शक्तिमा विश्वास गर्दैनन्, जनतामा विश्वास गर्दछन् । माओ त्सेतुङ भन्छन्, "इतिहासका निर्माता जनता हुन् ।" माओ यतिमै रोकिँदैनन्, उनी थप्छन्, "जनता पानी हुन्, अनि कम्युनिस्ट पार्टी माछा, पानीबिना माछाको अस्तित्व असम्भव छ ।" जनताले चाहेमा इतिहास बदल्दिन सक्छन् । जनता नै सार्वभौम हुन्छन् । हरेक अग्रगति वा अधोगतिमा जनताको भूमिका नै निर्णायक हुन्छन् । त्यसकारण, कम्युनिस्टहरूले जनताको जनमतको सधैँ सम्मान गर्नुपर्छ ।

सातौं, कम्युनिस्टहरू निजी सम्पत्तिका विरोधी हुन्छन् । मार्क्सवादी सिद्धान्तको अन्तिम लक्ष्य हो निजी सम्पत्तिको अन्त्य । कम्युनिस्ट समाजको उन्नत चरणमा धनी र गरीबको भेद हुँदैन, गाउँ र सहरको भेद हुँदैन, शारीरिक श्रम र मानसिक श्रमको भेद हुँदैन । साम्यवाद त्यस्तो आधुनिक समाज हो, जहाँ मानिसहरू स्वतन्त्र रूपले उच्च नैतिक धरातलमा रहन्छन् । सत्ता सङ्घर्षमा पराजित पुँजीपतिवर्ग आफ्नो निजी सम्पत्ति फर्काउन अन्तिमसम्म लडिरहन्छ । त्यतिबेला कम्युनिस्टहरूसँग सत्ताको हतियार चाहिन्छ, जुन हतियार पुँजीवाद फर्काउन चाहने पुँजीपतिवर्गका विरुद्ध प्रयोग गरिन्छ । तर, पुँजीवादीहरू पार्टी बाहिर मात्र रहँदैनन्, कम्युनिस्ट पार्टीभित्र पनि हुन्छन्, तिनीहरू निजी सम्पत्तिका पक्षमा उभिन्छन् । उनीहरू पनि समाजवादका विरुद्ध उभिन्छन् । तसर्थ, कम्युनिस्टहरूले पार्टीभित्र र बाहिरका पुँजीवादीहरूसँग लडिरहनुपर्छ, व्यक्तिगत सम्पत्तिको विरोधमा उभिनुपर्छ ।

आठौं, कम्युनिस्टहरू भिडमा होइन, सत्यमा विश्वास गर्छन् । कम्युनिस्ट सिद्धान्तको एउटा बलियो सर्त छ, 'अल्पमत होस् । तर, सत्यको बाटो नछोड । तिमीसँग सत्य छ भने त्यो एकदिन शक्तिमा बदलिन्छ ।' लेनिनको भाषामा 'प्रतिकूलताभित्र अनुकूलता खोज्नु' नै मार्क्सवाद हो । सत्य भुलेर भिडको पछि लाग्नेहरू कम्युनिस्ट हुन सक्दैनन् । त्यो मात्र असल कम्युनिस्ट हो, जसले जस्तोसुकै प्रतिकूल परिस्थितिमा पनि सत्यको वकालत गर्दछ ।

नवौं, कम्युनिस्टहरूले धर्म र संस्कृतिलाई एक-अर्काका पूरक ठान्दैनन् । धर्म र संस्कृति एउटै होइनन् । धर्म कुनै अलौकिक शक्ति र दर्शनप्रतिको अन्ध समर्थन हो, जुन परिवर्तन हुँदैन । तर, संस्कृति समकालीन समाजको आर्थिक-सामाजिक परिस्थितिको उत्तरदेन हो, त्यो सधैँ गतिशील हुन्छ । धर्म कम्युनिस्ट पक्षधर वा विरोधी हुँदैन । तर, संस्कृति प्रगतिशील वा रुढीवादी हुन सक्छ । तसर्थ, कम्युनिस्टहरू हरेक वस्तु र घटनाक्रमभित्र रहेको धार्मिक पक्षमा अलग रहन्छन्, प्रतिगामी संस्कृतिको विरोध गर्दछन् र संस्कृतिका प्रगतिशील पक्षको वकालत गर्दछन् ।

दसौं, कम्युनिस्टहरूले सांस्कृतिक रूपान्तरणबिना राजनीतिक रूपान्तरण टिक्न नसक्ने मान्यता बोक्दछन् । जुनकुनै राजनीतिक व्यवस्था पनि प्रगतिशील संस्कृतिको जगमा उभिएको छैन भने त्यो एकदिन ढल्छ नै । सांस्कृतिक रूपान्तरण भन्नाले मानिसको दार्शनिक चिन्तन र सोच्ने तरिकामा परिवर्तन हो । चिन्तनधाराको रूपान्तरणबिना गरिने संस्कृतिका पक्षको रूपान्तरणले मात्र साम्यवादी आदर्शको गुरुत्व बोक्न सक्दैन । यहाँ संस्कृतिको अर्थ दार्शनिक चिन्तन र विधारधाराको रूपान्तरणको प्रश्न हो ।

*- लोकपाटी*

# बालकृष्ण समका कारण गएको थियो चक्रपाणि चालिसेका छोरा लक्ष्मीनन्दन चालिसेको ज्यान !

✍ रतन भण्डारी

चक्रपाणि चालिसे पुत्र लक्ष्मीनन्दन चालिसेका बारेमा त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति तथा फ्रान्सका लागि पूर्व राजदूत डा. त्रैलोक्यनाथ उप्रेतीले संस्मरण लेख्नुभएको छ । डा. उप्रेतीका अनुसार उनी आईए पढ्दै गर्दा त्रिचन्द्र कलेजमा एउटा ठुलै घटना घट्यो । त्यति बेला चक्रपाणि चालिसेका छोरा लक्ष्मीनन्दन चालिसे त्रिचन्द्रमा बीएमा पढ्थे । बीएको परीक्षामा तिमीलाई मनपर्ने हिरोको बारेमा निबन्ध लेख भन्ने प्रश्न आएको रहेछ । लक्ष्मीनन्दनले पृथ्वीनारायण शाहको बारेमा लेख्दै पृथ्वीनारायण शाह नभइदिएको भए आज यी नपुंसक राणाहरूको बिउ पनि रहने थिएन भनेर लेखेछन् । राणाकालमा यस्तो लेखेपछि त्यो ठुलो मुद्दा बन्यो । त्यतिबेला बालकृष्ण शमशेर अर्थात् बालकृष्ण सम त्रिचन्द्रमा नेपाली पढाउँथे । बीएका कापी पनि उनै जाँच्थे । बालकृष्णका दाइ पुष्करशमशेर पनि त्रिचन्द्रमै नेपाली नै पढाउँथे । लक्ष्मीनन्दनको बीएको परीक्षाको उत्तरपुस्तिका बालकृष्ण समको हातमा पुग्यो ।

आफ्नो हातमा त्यो उत्तरपुस्तिका आइसकेपछि राणावंशको विरुद्धमा त्यति कठोर शब्द प्रयोग गरेर लेखेको देखेपछि बालकृष्णले त्यसलाई आफूमा मात्रै सीमित नराखी शिक्षा डाइरेक्टर जनरल मृगेन्द्रशमशेर कहाँ पठाए । मृगेन्द्रले त्यो मुद्दा प्रधानमन्त्री जुद्धशमशेर कहाँ पुऱ्याए । त्यसपछि उक्त प्रकरणले सोचेभन्दा उग्र रूप लियो । एक दिन ११ बजेतिर कमाण्डर इन् चीफ पद्मशमशेर कहाँ २ बजे त्रिचन्द्रका विद्यार्थी र शिक्षक सबै आउने उर्दी जारी भयो । रुद्रराज पाण्डे प्रिन्सिपल थिए । उनले सबैलाई जाऔँ भने । त्रिचन्द्रका विद्यार्थी र प्रोफेसर सबै निर्धारित समयमा त्यहाँ गए, तर रुद्रराज आफू भने गएनन् ।

विशालनगर दरबारमा पुग्दा त दरबारको मूलढोकैमा लक्ष्मीनन्दनलाई राखिएको थियो । अरू विद्यार्थीहरूलाई भित्र बैठक कोठामा लगेर राखियो । लक्ष्मीनन्दन भने ढोकैमा थिए । भित्र एकछिन बसेपछि पद्मशमशेरले लक्ष्मीनन्दनले लेखेको बारेमा कुरा उठाए । "सबैलाई नपुंसक भन्ने" भनेर कड्किए । रत्नमान बडाकाजीहरूले पनि यो त अपराध नै हो भने । बङ्गाली प्रोफेसर आशुतोष गांगुलीले पनि उनीहरूको सपोर्ट गरे । अरू प्रोफेसरहरूले पनि कसैले विरोध जनाएनन् । विद्यार्थीहरूको तर्फबाट पनि समर्थन र विरोध दुवै भएन । त्यसपछि पद्मशमशेरले अंश सर्वस्व र जेलसजाय मात्रै तोक्न महाराजलाई बिन्ती गर्छु भने । सजाय सुनाइसकेपछि विद्यार्थीलाई जान भनियो । फर्कने बेलामा सबैले देख्ने गरी मूलगेटमै लक्ष्मीनन्दनलाई नेल ठोक्न लगाइयो । विद्यार्थीहरूलाई तर्साउन त्यसो गरिएको थियो । विद्यार्थीहरूले त्यहाँ केही भन्न सक्ने अवस्था थिएन । विद्यार्थीहरू पछि त्यहाँबाट फर्कँदा मृगेन्द्रशमशेर पनि गाडीमा फर्किए । विद्यार्थी र मृगेन्द्रको भाटभटेनीमा भेट भयो । मृगेन्द्र लक्ष्मीनन्दनले त्यस्तो नलेखेका भए पनि हुन्थ्यो, बालदाइ (बालकृष्ण) ले पनि माथि नपठाएको भए पनि हुन्थ्यो भनेर साखुल्ले भए ।




चक्रपाणि चालिसे त्यतिबेला शिक्षा विभागअन्तर्गतको भाषानुवाद अड्डामा जागिरे थिए । आफ्नो छोरालाई दिइएको त्यत्रो सजायको कारण दु:खी त थिए नै तर उनले यस विषयलाई लिएर कहिल्यै कुरा गरेनन् । अरूले कुरा गर्न खोज्दा पनि यसमा कुरा नगरौं भन्थे ।

लक्ष्मीनन्दनलाई जेलमा क्षयरोग (टीबी) लाग्यो । जेलबाहिर त टीबीको राम्रो उपचार नहुने त्यो बेला जेलमा झन् के उपचार हुन्थ्यो । उनी सिकिस्त भए । कतिपय इतिहासकारले उनी टीबीको उपचार नहुँदा जेलमै मरे भनेका छन् । तर, डा. उप्रेतीले मर्ने पक्कापक्की भएपछि जेलबाहिर निकालिएको थियो भनेका छन् ।

इतिहासमा यसरी नेपालका शेक्सपियरका उपमा दिएका राणा साहित्यकारका कारण एकजना निर्दोष नागरिकको ज्यान जान पुगेको थियो ।

# क्रान्तिकारी चे ग्वेभारा

✍ जुलियन फ्लोरकिन



**प्रारम्भिक जीवन र शिक्षा**
**जन्म र पारिवारिक पृष्ठभूमि**

चे ग्वेभारा जून १४,१९२८ मा अर्जेन्टिनाको रोजारियोमा आयरिश र स्पेनी मूलको मिश्रित परिवारमा जन्मिएका थिए । उनको पूरा नाम अर्नेस्टो ग्वेभारा डे ला सेर्नाले उनको कुलीन विरासतलाई प्रतिबिम्बित गर्दछ । यद्यपि, उनको परिवार मध्यमवर्गाको थियो । सानै उमेरदेखि ग्वेभारा वामपन्थी विचारधारा र साहित्यबाट प्रभावित थिए । जसको प्रभाव उनको परिवारको राजनीतिक झुकावबाट आएको थियो । राजनीतिक र सामाजिक मुद्दाहरूको यो प्रारम्भिक एक्सपोजरले उनको विश्व दृष्टिकोणलाई आकार दियो; उनको भावी क्रान्तिकारी गतिविधिहरूको लागि मार्गप्रशस्त गर्‍यो ।

**शिक्षा र प्रारम्भिक प्रभावहरू**

ग्वेभाराले साहित्य र दर्शनमा प्रारम्भिक रुचि देखाउँदै एकेडेमिक रूपमा उत्कृष्ट प्रदर्शन गरे । उनी ब्युनर्स आयर्स विश्वविद्यालयमा भर्ना भए, जहाँ उनले चिकित्साशास्त्र अध्ययन गरे । विशेष गरी महाद्वीपमार्फत उनको प्रसिद्ध मोटरसाइकल यात्रामा उनले ग्रामीण जनसङ्ख्यालाई असर गर्ने व्यापक गरिबी, रोग र उत्पीडन देखे । यी अनुभवले उहाँलाई गहिरो प्रभाव पारे । मार्क्सवादतर्फ उनको वैचारिक परिवर्तन र सामाजिक अन्यायहरूको सामना गर्ने उनको दृढ सङ्कल्पमा योगदान पुर्‍यायो । ग्वेभाराको शिक्षा र यात्राले वैचारिक आधार निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेलेको थियो जसले पछि उनको क्रान्तिकारी कार्यलाई अगाडि बढाएको थियो ।

**मोटरसाइकल डायरी**
**यात्रा विवरण**

'द मोटरसाइकल डायरी' ले सन् १९५२ मा एक युवा चे ग्वेभारा र उनका साथी अल्बर्टो ग्रानाडोले दक्षिण अमेरिकामा गरेको महाकाव्य यात्राको वर्णन गरेको छ । आफ्नो देश अर्जेन्टिनाबाट सुरु गरेर, तिनीहरूले चिली, पेरु, कोलम्बिया र भेनेजुयलाको नाटकीय परिदृश्यहरू पार गरे । यात्रा सुरुमा तिनीहरूको पुरानो मोटरसाइकलमा महाद्वीपको साहसिक अन्वेषणको रूपमा उद्देश्य थियो, उपनाम 'ला पोडेरोसा' ('द माइटी वन') । तर, यात्राको सुरुमै मोटरसाइकल बिग्रिएपछि उनीहरूको धेरैजसो यात्रा हिच्हाइकिङ र पैदल यात्राबाट भएको थियो ।

**राजनीतिक दृष्टिकोणमा प्रभाव**

ग्वेभाराको राजनीतिक विचार र भावी क्रान्तिकारी गतिविधिलाई आकार दिन यो रचनात्मक यात्रा महत्त्वपूर्ण थियो । जब उनले विभिन्न आदिवासी समुदायहरूसँग सामना गरे र उनीहरूको सङ्घर्ष र ल्याटिन अमेरिकी समाजमा व्याप्त असमानताहरू देखे, ग्वेभाराको अवलोकन र अनुभवहरूले कट्टरपन्थी सामाजिक परिवर्तनको आवश्यकतामा उनको उभिरहेको विश्वासलाई बलियो बनायो ।

आफ्नो यात्राभरि, उनले एउटा डायरी राखे जहाँ उनले गरिबी, पुँजीवाद र साम्राज्यवादमा आफ्ना प्रतिबिम्बहरू रेकर्ड गरे, जुन पछि उनको वैचारिक विकासको एक आकर्षक कथा बन्यो । 'द मोटरसाइकल डायरी' ले क्रान्तिकारी व्यक्तित्व बन्नुअघि ग्वेभाराको युवा दिमागलाई अन्तर्दृष्टि मात्र प्रदान गर्दैन तर ल्याटिन अमेरिकाका सीमान्तकृत जनसङ्ख्याले सामना गरेको सामाजिक अन्यायको प्रत्यक्ष साक्षीको गहिरो र परिवर्तनकारी प्रभावलाई पनि प्रस्ट गर्दछ ।

**क्युवाली क्रान्तिमा संलग्नता**
**फिडेल क्यास्ट्रोसँग भेटघाट**

क्युवाली क्रान्तिको प्रमुख व्यक्तित्व बन्ने चे ग्वेभाराको बाटो मेक्सिको सिटीबाट सुरु भयो, जहाँ उनले १९५५ मा फिडेल क्यास्ट्रो र उनका भाइ राउललाई भेटे । क्यास्ट्रोले क्युवाली तानाशाह फुलजेन्सियो बाटिस्टालाई परास्त गर्ने उद्देश्यले आफ्नो क्रान्तिकारी समूहको लागि सक्रियरूपमा भर्ती गरिरहेका थिए । ग्वेभारा, उत्पीडितहरूको दुर्दशाबाट गहिरो रूपमा उत्तेजित र उनको मार्क्सवादी दर्शनद्वारा उत्प्रेरित विश्वासहरू, क्यास्ट्रोको करिश्मा र क्युवाको लागि उनको योजनामा तुरुन्तै आकर्षित भए । क्यास्ट्रो र ग्वेभाराबिचको वैचारिक पङ्क्तिबद्धता र साझा लक्ष्यहरूले तिनीहरूको साझेदारीलाई सुदृढ बनायो, जसले ग्वेभारालाई क्रान्तिकारी सेनामा प्रमुख लेफ्टिनेन्टको रूपमा भूमिका निर्वाह गरायो ।

**क्रान्तिमा भूमिका**

क्युवाली क्रान्तिमा ग्वेभाराको संलग्नतालाई उनको विद्रोही सेनामा डाक्टरबाट कमान्डरसम्मको पदारोहणबाट चिन्हित गरिन्छ । उनले क्युवाली क्रान्तिकारी रणनीतिको विशेषता रहेको छापामार युद्धमा महत्त्वपूर्ण भूमिका खेलेका थिए । ग्वेभाराको प्रभाव सैन्य योगदानभन्दा पर फैलियो । उनले क्रान्तिकारी बनाउन पनि मद्दत गरे । क्युवाली जनता र अन्तर्राष्ट्रिय समर्थकहरूका साथ जुलुस गरे ।

क्युवाली क्रान्तिमा चे ग्वेभाराको भूमिकाले अन्यायको पर्यवेक्षकबाट क्रान्तिकारी परिवर्तनमा सक्रिय सहभागीमा उनको सङ्क्रमणको उदाहरण दियो, जसले विश्वका अन्य भागहरूमा यस्तै विद्रोहहरू प्रज्वलित गर्ने उनको पछिल्ला प्रयासहरूको लागि चरण निर्धारण गर्‍यो । क्युवाली कारणप्रतिको उनको प्रतिबद्धता र यसको सफलतामा उनको योगदानले ल्याटिन अमेरिकाको इतिहासमा एक महत्त्वपूर्ण व्यक्तित्वको रूपमा प्रतिष्ठा वृद्धि गर्‍यो ।

**क्युवाली सरकारमा योगदान र भूमिका**
**आर्थिक नीतिहरू**

क्युवाली क्रान्तिको सफलतापछि, चे ग्वेभाराले नयाँ सरकारमा महत्त्वपूर्ण जिम्मेवारीहरू लिए, विशेष गरी राष्ट्रिय बैङ्कको अध्यक्षको रूपमा र पछि उद्योग मन्त्रीको रूपमा । यी भूमिकाहरूमा, ग्वेभाराले क्युवाको आर्थिक नीतिलाई आकार दिन महत्त्वपूर्ण भूमिका खेलेका थिए । उनी क्युवाको द्रुत औद्योगिकीकरणका लागि कट्टर अधिवक्ता थिए र किसानहरूलाई भूमि पुन: वितरण गर्ने उद्देश्यले व्यापक कृषि सुधारहरू लागू गरे । उनको आर्थिक दृष्टिकोण मार्क्सवादी सिद्धान्तबाट गहिरो रूपमा प्रभावित थियो, उत्पादनका मुख्य साधनहरूमा राज्यको नियन्त्रण र अर्थव्यवस्थामा पुँजीवादी प्रभावहरूको उन्मूलनमा केन्द्रित थियो । क्युवालाई समाजवादी राज्यमा रूपान्तरण गर्न ग्वेभाराका नीतिहरू निर्णायक थिए । यद्यपि, ती नीतिहरूले पछि आर्थिक कठिनाइहरू सिर्जना गरेको भन्दै आलोचना पनि निम्त्याए ।

**स्वास्थ्य र शिक्षा पहलहरू**

आर्थिक सुधारभन्दा बाहिर, चे ग्वेभाराले क्रान्तिकारी सरकारको एजेन्डाको आधारभूत घटकको रूपमा स्वास्थ्य सेवा र शिक्षाको महत्त्वलाई जोड दिए । उनको विश्वास थियो कि क्रान्तिको सफलता परिवर्तनले मात्र मापन गरिने छैन । शक्ति संरचनाहरू, तर क्युवाका गरिब नागरिकहरूको जीवनमा ठोस सुधारद्वारा मापन गरिनेछ । उनको प्रभावमा, क्युवाली सरकारले निरक्षरता उन्मूलन गर्न अभियानहरू सुरु गर्‍यो, स्वास्थ्य सेवाको लागि बजेटमा उल्लेखनीय वृद्धि गर्‍यो र डाक्टरहरूलाई ग्रामीण क्षेत्रहरूमा पठायो जहाँ पहिले चिकित्सा सेवाहरू दुर्लभ थिए । यी पहलहरूले टापुभरि साक्षरता दर र स्वास्थ्य सेवा कभरेजमा उल्लेखनीय सुधार ल्यायो, जसले क्रान्तिको प्रमुख प्रतिज्ञाहरूमध्ये एक पूरा गर्‍यो : सामाजिक समानता ।

चे ग्वेभाराको दोहोरो ध्यान आर्थिक नीति र सामाजिक कल्याण कार्यक्रममा समाजवादी सिद्धान्तमा आधारित समाज निर्माण गर्ने उनको व्यापक प्रतिबद्धतालाई चित्रण गर्दछ जहाँ प्रत्येक नागरिकको कल्याणलाई प्राथमिकता दिइन्छ । क्युवाली सरकारभित्रको उनको कामले क्रान्तिकारी नेताको रूपमा उनको विरासतलाई मात्र होइन, समाजवादी राज्यमा क्युवाको रूपान्तरणको महत्त्वपूर्ण वास्तुकारको रूपमा पनि परिचित गरायो ।

**गुरिल्ला युद्ध रणनीति र विचारधारा**
**छापामार युद्ध रणनीतिको विकास**

क्युवाली क्रान्तिमा उनको अनुभवलाई चित्रण गर्दा छापामार युद्धमा चे ग्वेभाराको दृष्टिकोण अभिनव र प्रभावशाली दुवै थियो । उनले आफ्नो कार्यनीति र रणनीतिक विचारहरू आफ्नो मुख्य कार्य, 'गुरिल्ला युद्ध' मा व्यक्त गरे, जहाँ उनले छापामार कारबाहीका सिद्धान्तहरूलाई सरकारहरूलाई परास्त गर्ने विधिको रूपमा वर्णन गरे । ग्वेभाराले गतिशीलता, आश्चर्य र स्थानीय जनतासँग बलियो सम्बन्ध कायम राख्न छापामारहरूको आवश्यकतालाई जोड दिए । उनको कार्यनीतिमा हमला एम्बुस र गुरिल्लाहरूको फाइदाको लागि भू-भागको प्रयोग समावेश थियो । यी रणनीतिहरू सामान्यतया ठूला र राम्रो-सुसज्जित सरकारी सेनाहरूको सामना गर्न डिजाइन गरिएको थियो । छापामार युद्ध भौतिक लडाइँ मात्र नभई सामाजिक र राजनीतिक सङ्घर्ष पनि हो भन्ने ग्वेभाराले विश्वास गर्थे, जसले गर्दा छापामारहरूले आफ्नो सञ्चालनलाई निरन्तरता दिन स्थानीय जनताको समर्थन जित्न आवश्यक बनाउँछ ।

**विश्वव्यापी क्रान्तिकारी आन्दोलनहरूमा प्रभाव**

चे ग्वेभाराका लेख र क्युवाली क्रान्तिको सफलताले विश्वभरका क्रान्तिकारी आन्दोलनहरूमा गहिरो प्रभाव पारेको थियो । उनका सिद्धान्त र अभ्यासहरूले ल्याटिन अमेरिका, अफ्रिका र एसियाका असङ्ख्य विद्रोही समूहहरूलाई प्रभाव पारे, जसले औपनिवेशिकता र तानाशाही शासनविरुद्धको आफ्नै सङ्घर्षमा आफ्नो छापामार रणनीति अपनाए । ग्वेभाराको अन्तर्राष्ट्रियतावादप्रतिको वैचारिक प्रतिबद्धता - साम्राज्यवादविरुद्धको सङ्घर्षले उत्पीडितहरूका बिचमा विश्वव्यापी ऐक्यबद्धता आवश्यक हुन्छ भन्ने उनको विश्वासले विश्व क्रान्तिकारी सर्कलमा उनको हैसियतलाई अझ उच्च बनायो । उनको कामले छापामार युद्ध सञ्चालन गर्न व्यावहारिक मार्गनिर्देशन मात्र प्रदान गरेको छैन तर अनगिन्ती व्यक्ति र समूहहरूलाई उनीहरूको राजनीतिक र सामाजिक उद्देश्यहरू प्राप्त गर्न हतियार उठाउन प्रेरित गरेको छ ।

छापामार युद्धको सिद्धान्त र अभ्यासमा चे ग्वेभाराको योगदानले उनलाई प्रतिरोध र क्रान्तिको चिरस्थायी प्रतीक बनाएको छ, जसलाई कतिपयले प्रशंसनीय बनाएका छन् र अरूले यही कारणले आलोचना गरेका छन् । उनको रणनीतिक आविष्कार र शक्ति संरचनामा क्रान्तिकारी वैचारिक प्रतिबद्धताले क्रान्तिकारी युद्धको इतिहासमा अमिट छाप छोडेको छ ।

**अन्तर्राष्ट्रिय प्रयास र गतिविधिहरू**
**कङ्गोमा प्रयासहरू**

क्युवाली क्रान्तिपछि चे ग्वेभाराले ल्याटिन अमेरिकाभन्दा बाहिर समाजवादी क्रान्ति फैलाउने प्रयास गरे । १९६५ मा कङ्गोको गुप्त यात्रा गरे । स्थानीय विद्रोहीहरूलाई पश्चिमा समर्थक सरकारलाई परास्त गर्न मद्दत गर्ने लक्ष्य राख्दै उनले कङ्गोमा ग्वेभाराको समय, उनका अन्य शोषणहरूभन्दा कम प्रचारित भए पनि, साम्राज्यवादविरुद्धको विश्वव्यापी सङ्घर्षमा उनको विचारलाई आकार दिन महत्त्वपूर्ण थियो । उनले क्युबामा सफल साबित भएको छापामार युद्ध रणनीतिलाई दोहोर्‍याउने प्रयास गर्दै सैन्य प्रशिक्षण र रणनीतिक सल्लाह दिए । यद्यपि, कङ्गोमा उनका प्रयासहरू भाषा अवरोधहरू, सांस्कृतिक भिन्नताहरू र स्थानीय लडाकुहरूबिच अनुशासन र वैचारिक प्रतिबद्धताको कमीलगायतका चुनौतीहरूले भरिएका थिए । यी बाधाहरूले कङ्गो मिसन विफलताउन्मुख भयो । विफलता मिसनको बारेमा र ग्वेभाराले कङ्गोलाई निराश भई कङ्गो छोडे तर अझै आफ्नो क्रान्तिकारी गतिविधिहरू जारी राख्न दृढ सङ्कल्पित थिए ।

**बोलिभियामा संलग्नता**

कङ्गोका असफलताहरूबाट अविचलित, ग्वेभाराले त्यसपछि बोलिभियामा ध्यान केन्द्रित गरे, जहाँ उनले विश्वास गरे कि सफल क्रान्तिले दक्षिण अमेरिकाभर डोमिनो प्रभाव पार्न सक्छ । सन् १९६६ मा उनले बोलिभियाको जङ्गलमा गोप्य रूपमा एउटा सानो छापामार समूहलाई भेला गरे । उनको उद्देश्य किसान विद्रोहलाई प्रज्वलित गर्ने थियो जसले कठपुतली बोलिभियाली सरकारलाई पराजित गर्नेछ । बोलिभियामा ग्वेभाराको समय सायद उनले राखेको डायरीको लागि सबैभन्दा उल्लेखनीय छ, जुन पछि 'द बोलिभियन डायरी' को रूपमा प्रकाशित भयो । यस कार्यले उहाँको अन्तरदृष्टि प्रदान गर्दछ, रणनीतिक सोच र छापामार युद्धको कठोर वास्तविकताहरू छर्लङ्ग पार्छ । उनको प्रयास र दृढ सङ्कल्पको बाबजुद, कारकहरूको संयोजनका कारण अभियान असफल भयो : सीमित स्थानीय समर्थन, चुनौतीपूर्ण भू-भाग र बोलिभियाली सेनाको प्रभावकारी प्रतिविद्रोह रणनीति, सीआईएद्वारा सहयोग गरिएको थियो ।

चे ग्वेभाराका अन्तर्राष्ट्रिय गतिविधिहरूले विश्वव्यापी क्रान्तिकारी समाजवादप्रतिको उनको प्रतिबद्धता र विश्वव्यापी क्रान्तिकारी आन्दोलनहरूमा व्यक्तिगतरूपमा सहभागी हुने उनको इच्छालाई प्रकाश पार्छ । कङ्गो र बोलिभिया दुवैमा अन्तिम सैन्य असफलताको बाबजुद यी प्रयासहरूले विश्वव्यापी क्रान्तिकारी आन्दोलनहरूमा उनको स्थायी प्रभाव र साम्राज्यवादविरुद्ध विश्वव्यापी क्रान्तिको आवश्यकतामा उनको विश्वासलाई जोड दियो ।

**आधुनिक आन्दोलनहरूमा विरासत र प्रभाव**
**विद्रोहको प्रतीक**

चे ग्वेभारा विद्रोह र क्रान्तिकारी जोशको स्थायी प्रतीक बनेका छन् । उनको प्रतिष्ठित छवि, विशेष गरी अल्बर्टो कोर्डाद्वारा प्रसिद्ध फोटो, विश्वव्यापीरूपमा मान्यता प्राप्त छ र प्राय: लोकप्रिय संस्कृतिमा उत्पीडन र अन्यायको विरोधलाई सङ्केत गर्न प्रयोग गरिन्छ । यो छवि अनगिन्ती पोस्टरहरू, टी-सर्टहरू र भित्ते चित्रहरूमा छापिएको छ, जसले ग्वेभारालाई ऐतिहासिक व्यक्तित्वबाट संस्कृति र अवज्ञाको विश्वव्यापी प्रतीकमा रूपान्तरण गरेको छ । उहाँको विरासत विभिन्न राजनीतिक समूह र राजनीतिक स्पेक्ट्रममा आन्दोलनहरूद्वारा आह्वान गरिएको छ, वामपन्थी कार्यकर्ताहरू र विश्वव्यापीकरणविरोधी आन्दोलनकारीहरूदेखि लिएर सामाजिक न्यायको लागि लड्नेहरूसम्म, उहाँको क्रान्तिकारीको व्यापक प्रभावलाई चित्रण गरिएको छ ।

*-बाँकी भोलिको अङ्कमा*

**१. जन्म र पारिवारिक पृष्ठभूमि**
१४ जुन १९२८ मा अर्जेन्टिनाको रोजारियोमा जन्म। पूरा नाम अर्नेस्टो ग्वेभारा डे ला सेर्ना। मध्यमवर्गीय परिवारमा हुर्किएका।

**२. शिक्षा र प्रारम्भिक प्रभाव**
ब्युनस आयर्स विश्वविद्यालयमा चिकित्साशास्त्र अध्ययन। दक्षिण अमेरिकाको यात्रामा गरिबी, रोग र सामाजिक असमानता प्रत्यक्ष देखे।

**३. मोटरसाइकल यात्रा**
सन् १९५२ मा अल्बर्टो ग्रानाडोसँग दक्षिण अमेरिका भ्रमण। यात्राका अनुभव 'द मोटरसाइकल डायरी' मा समेटिए।

**४. क्युवाली क्रान्तिमा भूमिका**
सन् १९५५ मा फिडेल क्यास्ट्रोलाई भेटे। क्युवाली क्रान्तिकारी समूहमा सहभागी भई डाक्टरबाट कमान्डर बने।

**५. क्युवाली सरकारमा योगदान**
क्रान्तिपछि राष्ट्रिय बैङ्कको अध्यक्ष र उद्योगमन्त्री बने। औद्योगिकीकरण, कृषि सुधार, स्वास्थ्य र शिक्षामा जोड दिए।

**६. छापामार युद्धको सिद्धान्त**
गतिशीलता, आकस्मिक हमला र स्थानीय जनताको समर्थनलाई महत्त्व दिए। उनका विचारले विभिन्न क्रान्तिकारी आन्दोलनलाई प्रभाव पारे।

**७. कङ्गो र बोलिभियामा गतिविधि**
सन् १९६५ मा कङ्गो र सन् १९६६ मा बोलिभियामा क्रान्तिकारी गतिविधिमा संलग्न भए। दुवै अभियान अपेक्षित रूपमा सफल भएनन्।

**८. विरासत र प्रभाव**
विद्रोह र क्रान्तिको विश्वव्यापी प्रतीक बने। अल्बर्टो कोर्दाले खिचेको उनको तस्बिर विश्वभर प्रसिद्ध भयो।

**९. विवाद र आलोचना**
क्युवाली क्रान्तिपछि क्रान्तिकारी न्यायाधिकरण र मृत्युदण्डसम्बन्धी भूमिकाका कारण आलोचना भए। आर्थिक नीतिहरूबारे पनि आलोचना भएको सामग्रीमा उल्लेख छ।




जनवादी गणतन्त्र चीनले बिहीबार आफ्नो स्थापनाको ७७ औँ वार्षिकोत्सव तथा राष्ट्रिय दिवस (अक्टोबर १) को बिहान, तियानआनमेन स्क्वायरमा राष्ट्रिय झण्डोतोलन समारोहमा सहभागी चिनियाँ जनमुक्ति सेना तथा जनता अक्टोबर १, २०२६ को दिन । राष्ट्रिय झण्डोतोलन समारोह राष्ट्रिय दिवस मनाउने सबैभन्दा प्रतीकात्मक घटनाहरूमध्ये एक हो ।

*तस्बिर : सिन्हुवा*

# खैबर पख्तुनख्वामा आपत्कालबारे पाकिस्तान सरकारको छलफल

इस्लामाबाद, १ अक्टोबर (एएनआई) । पाकिस्तान सरकारले बिग्रँदो सुरक्षा अवस्था र पाकिस्तान तहरीक-ए-इन्साफ (पिटिआई) ले इस्लामाबादमा गर्न लागेको विरोध प्रदर्शनलाई ध्यानमा राख्दै पिटिआई नेतृत्वको खैबर पख्तुनख्वा प्रान्तमा आपतकाल लगाउने विषयमा गम्भीर छलफल गरिरहेको छ ।

डनका अनुसार सत्तारूढ गठबन्धनले खैबर पख्तुनख्वा सरकारले अक्टोबर ४ मा इस्लामाबादका लागि तय गरिएको पिटिआईको पदयात्रा रोक्न नसके प्रान्तमा राज्यपाल शासन वा आपत्काल लगाउने चेतावनी दिएको छ । पिटिआईका संस्थापक इमरान खानको रिहाइको माग गर्दै आयोजना हुन लागेको पदयात्रा सङ्घीय सरकार र विपक्षीबिचको विवादको प्रमुख विषय बनेको छ ।

बुधबार संसद् भवनमा पत्रकारहरूसँग कुरा गर्दै संसदीय मामिलामन्त्री तारिक फजल चौधरीले प्रान्तीय सरकारको चासोको कमी तथा आतङ्कवाद नियन्त्रणमा अपेक्षित सफलता हासिल हुन नसकेका कारण संविधानको धारा २३२ अन्तर्गत आपतकाल लगाउने विषयमा छलफल भइरहेको बताउनुभयो ।

मन्त्री चौधरीले सत्तारूढ पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन) को प्रमुख गठबन्धन सहयोगी पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) ले सम्भावित कदमलाई समर्थन गर्ने विश्वास व्यक्त गर्नुभयो ।

तर, पिपिपीका महासचिव नय्यर हुसेन बुखारीले खैबर पख्तुनख्वामा राज्यपाल शासन लगाउने विषयमा सङ्घीय सरकारले आफ्नो पार्टीसँग परामर्श गरेमा संविधान र कानुनअनुसार पार्टीले आफ्नो धारणा प्रस्तुत गर्ने बताउनुभएको छ ।

प्रान्तको कानुन तथा सुरक्षाको अवस्था 'गहिरो चिन्ताजनक' रहेको बताउँदै उहाँले शान्तिपूर्ण विरोध प्रदर्शन मौलिक लोकतान्त्रिक अधिकार भए पनि राजनीतिको आडमा राज्यका संरचनामाथि आक्रमण गर्नु स्वीकार्य नहुने बताउनुभयो ।

"सरकारले विधिको शासन सुनिश्चित गर्दै शान्ति र सुरक्षा कायम गर्न प्रभावकारी उपाय अपनाउनुपर्छ," बुखारीले भन्नुभयो ।

उहाँले पिपिपी राजनीतिक संवादमा विश्वास गर्ने उल्लेख गर्दै राष्ट्रिय चुनौतीको समाधान अर्थपूर्ण राजनीतिक संवाद र सहभागिताबाट खोजिनुपर्ने बताउनुभयो ।

# स्विस हिमनदीमा ५.५ प्रतिशत बरफ घट्यो

जुरिच, १ अक्टोबर (एपी) । स्विट्जरल्यान्डका हिमनदीले यस वर्ष आफ्नो कुल बरफको मात्रा ५.५ प्रतिशत गुमाएका छन् । अत्यधिक गर्मी र जाडोयाममा कम हिमपातका कारण बरफ पग्लने क्रम तीव्र बनेपछि यो क्षति अभिलेखमा दोस्रो ठूलो वार्षिक गिरावट भएको विज्ञहरूले बताएका छन् ।

ग्लामोस स्विस हिमनदी अनुगमन सेवा र स्विस एकेडेमी अफ साइन्सेजले बिहीबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार पछिल्ला पाँच वर्षमा मात्रै स्विट्जरल्यान्डका हिमनदीमा रहेको बरफको मात्रा करिब पाँचौँ भागले घटेको छ । ग्लामोसका प्रमुख तथा हिमविज्ञानका प्राध्यापक म्याथियास हसले अल्पाइन हिमनदीहरू अहिलेको अवस्थामा लामो समयसम्म टिक्न नसक्ने बताउनुभयो ।



उहाँका अनुसार अहिले अनुभव भइरहेको तापक्रम वृद्धि पूर्ण रूपमा मानवजन्य जलवायु परिवर्तनसँग सम्बन्धित छ । मानव उत्सर्जन र जीवाश्म इन्धनको प्रयोग नभएको भए अहिलेको जस्तो तापक्रम वृद्धि हुने अवस्था नरहने उहाँले बताउनुभयो ।

जाडोयाममा पर्याप्त हिउँ नपर्नु हिमनदीका लागि विशेष चिन्ताको विषय भएको उहाँले बताउनुभयो । हिउँले पुरानो बरफलाई पग्लनबाट जोगाउनुका साथै उच्च उचाइमा नयाँ बरफ बन्न आवश्यक आधारसमेत तयार गर्छ । सन् २०२२ मा अत्यधिक गर्मी, कम हिमपात र सहारा मरुभूमिबाट आएको रातो धुलोका कारण स्विस हिमनदीमा अहिलेसम्मकै तीव्र बरफ क्षय भएको थियो ।

यस वर्ष जुलाईदेखि सेप्टेम्बरसम्म स्विट्जरल्यान्डका हिमनदीबाट करिब २२ खर्ब लिटर पानी बराबरको बरफ गुमेको अनुमान गरिएको छ । यो करिब ९१ लाख जनसङ्ख्या भएको स्विट्जरल्यान्डको वार्षिक पानी खपतको चार गुणा हो । स्विट्जरल्यान्डले आफ्नो आधाभन्दा बढी विद्युत् जलविद्युत्बाट उत्पादन गर्ने भएकाले हिमनदीमा भइरहेको परिवर्तन पानीका स्रोत र ऊर्जा उत्पादनसँग पनि जोडिएको छ ।

स्विट्जरल्यान्डका हिमनदीमा यस वर्ष हराएको बरफको मात्रा सन् २००३ को भन्दा कम भए पनि कुल बरफको तुलनामा प्रतिशत क्षति बढी भएको विज्ञहरूले बताएका छन् । सन् २००३ मा कुल बरफको ३.५ प्रतिशत घटेको थियो भने अहिले हिमनदीमा बाँकी बरफको मात्रा २३ वर्षअघिको करिब एक तिहाइमात्र रहेको छ ।

यस वर्ष कतिपय हिमनदीको औसत मोटाइ २.५ देखि चार मिटर र केही हिमनदीको अगाडिको भागमा बरफको मोटाइ १० मिटरसम्म घटेको पाइएको छ । एलालिन, क्लेरिडेन्ट, रोन र आल्प्स क्षेत्रको सबैभन्दा ठूलो एलेट्स हिमनदी तीव्र रूपमा बरफ गुमाउने हिमनदीमा परेका छन् ।

विज्ञहरूका अनुसार हिमनदी पग्लने प्रभाव स्विट्जरल्यान्डमा मात्र सीमित छैन । स्विट्जरल्यान्डलाई युरोपको 'पानीको टावर' मानिन्छ र डेन्युब, पो, राइन तथा रोनजस्ता महत्त्वपूर्ण नदीका जलस्रोतमा यसको योगदान छ । विश्वव्यापी तापक्रम वृद्धिका कारण हिमालय, ग्रिनल्यान्ड र अन्टार्कटिकासहितका क्षेत्रमा समेत बरफ र हिमनदीमा ठूलो परिवर्तन देखिएको छ ।

# अफगानिस्तानमा पाकिस्तानी हवाई आक्रमण

काबुल, १ अक्टोबर (एपी) । अफगानिस्तानका दुई प्रान्तमा पाकिस्तानले रातभर गरेको हवाई आक्रमणमा नौ महिला तथा बालबालिकाको मृत्यु र ११ जना सर्वसाधारण घाइते भएको अफगानिस्तानको तालिबान सरकारले जनाएको छ । पाकिस्तानले भने कारबाही आतङ्कवादी लुकेका स्थान र शिविरलाई लक्षित रहेको तथा प्रारम्भिक विवरणअनुसार २२ जना आतङ्कवादी मारिएको दाबी गरेको छ ।

दुवै पक्षका हताहतसम्बन्धी दाबी स्वतन्त्र रूपमा पुष्टि हुन सकेको छैन । दुई देशबिच सीमापार झडप र उग्रवादी गतिविधिलाई लिएर लामो समयदेखि विवाद रहँदै आएको छ । यस वर्षको सुरुदेखि तनाव बढेपछि पाकिस्तानले अफगानिस्तानभित्र पटकपटक हवाई कारबाही गर्दै आएको छ ।

तालिबान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदले दक्षिणी हेल्मन्ड र पूर्वी कुनार प्रान्तमा सर्वसाधारणका घरमा हवाई आक्रमण भएको बताउनुभयो । उहाँका अनुसार तीनवटा घर ध्वस्त भएका छन् । उहाँले घटनाको निन्दा गर्दै यसलाई आक्रामक कार्य तथा अन्तर्राष्ट्रिय रूपमा स्वीकृत सिद्धान्तको उल्लङ्घन भएको बताउनुभयो ।

पाकिस्तानको सूचना मन्त्रालयले भने आतङ्कवादी लुकेका स्थान तथा शिविरलाई लक्षित गरी सुनियोजित हवाई कारबाही गरिएको जनाएको छ । मन्त्रालयका अनुसार लक्षित स्थानबाट ठूलो मात्रामा हतियार तथा गोलाबारुद फेला पारेर नष्ट गरिएको थियो । कारबाहीका क्रममा सर्वसाधारणलाई क्षति नहोस् भनेर अधिकतम सावधानी अपनाइएको पनि पाकिस्तानले दाबी गरेको छ ।

पाकिस्तानले अफगानिस्तानको तालिबान सरकारमाथि तेहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) लगायतका समूहलाई अफगान भूमिबाट सञ्चालन गर्न र पाकिस्तानमा आक्रमण गर्न दिएको आरोप लगाउँदै आएको छ । अफगानिस्तानले भने टिटिपीलाई सुरक्षित आश्रय दिएको आरोप अस्वीकार गर्दै आएको छ ।

यसैबिच, अफगानिस्तानस्थित संयुक्त राष्ट्रसङ्घीय मिसनले यस वर्ष सीमापार हिंसाका कारण एक हजार एक सयभन्दा बढी अफगान नागरिकको मृत्यु तथा घाइते भएको जनाएको छ । पाकिस्तानले सर्वसाधारणलाई लक्षित गरी आक्रमण गरेको आरोप अस्वीकार गर्दै पाकिस्तानभित्र आक्रमण गर्ने आतङ्कवादीलाई मात्र निशाना बनाइएको बताउँदै आएको छ ।

हार्दिक समवेदना



जन्म
१९९२/१२/२३

स्वर्गारोहण
२०८३/०६/१३

यस समितिका सचिव चन्द्रप्रसाद दुमरु तथा सदस्य रामचन्द्र दुमरुका पूजनीय पिता **रत्नलाल दुमरु**को चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**नेपाल मजदुर किसान पार्टी**
भ.न.पा.-७, इनाचो, चोर्चा एकाइ समिति

हार्दिक समवेदना



जन्म
१९९२/१२/२३

स्वर्गारोहण
२०८३/०६/१३

रत्नलाल दुमरु

यस समितिका सचिव पुण्यराम दुमरुका पूजनीय पिता **रत्नलाल दुमरु**को दुःखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**कमलविनायक मन्दिर परिसर सुधार समिति परिवार**
कमलविनायक, भक्तपुर

# चीनसँग जोड्ने तीनवटै नाका बन्द हुँदा वैदेशिक व्यापार प्रभावित

✍ **हिमाल लम्साल**

काठमाडौँ । गत भदौ १० गते भोटेकोसीमा गएको बाढीले रसुवा नाकामा पर्ने नेपाल र छिमेकी मुलुक चीनको भन्सारसँग जोडिएका धेरै संरचना क्षतिग्रस्त हुँदा ठुलो मानवीय र भौतिक क्षति पुऱ्याएको छ । दुवै मुलुकतर्फको सीमावर्ती क्षेत्रमा अत्यधिक क्षति भएकाले पनि नेपाल र चीन जोड्ने 'लाइफलाइन' का रूपमा चिनिएको रसुवा नाका तत्कालै सञ्चालन हुने सम्भावना निकै कम हुँदा दुवै मुलुकमा नागरिकको आवतजावत मात्रै नभएर वैदेशिक व्यापार पनि ठप्पै भएको छ ।

बाढीले दुवैतर्फको सडक, पुल, भन्सार प्रशासनसँग जोडिका महत्त्वपूर्ण सबै खालका पूर्वाधार ध्वस्त पारेकाले पनि तत्कालै यो नाका तत्काल पुनर्निर्माण गरेर सञ्चालन गर्न पनि भौगौलिक रूपमा मात्रै नभएर व्यावहारिक रूपमा पनि जटिल रहेको छ । अर्कोतर्फ भोटेकोसीमा गएको बाढीसँगै तातोपानी नाका पनि केही समयदेखि अवरुद्ध हुँदै आइरहेको छ ।

छिमेकी मुलुक चीनसँग सडकमार्गबाट जोडिएका रसुवा र तातोपानी नाका मात्रै अवरुद्ध भएको छैन । यसअघि सञ्चालन हुँदै आइरहेको मुस्ताङको कोरला नाका पनि यही असोज ८ देखि ११ गतेसम्म लगातार आएको बाढीपहिरोका कारणले विभिन्न ठाउँमा सडक तथा पुललगायतका संरचनामा क्षति भएपछि अहिले ठप्प छ । नेपालीहरूको चाडपर्व दसैँ, तिहार, छठलगायतका पर्व घरआँगनमा आइपुग्नै लाग्दा चीनसँग जोडिएका तीनवटै प्रमुख नाकाहरू अवरुद्ध हुँदा एकातर्फ दुवै मुलुकबिच हुने वैदेशिक व्यापार ठप्प जस्तै भएको छ । अर्कोतर्फ चाडपर्व लक्षित गरेर ल्याएका सरसमान पनि छिमेकी मुलुक चीनतर्फ नै रोकिएका छन् ।

नेपाल हिमालयन सीमापार वाणिज्य सङ्घका पूर्वअध्यक्ष अशोक श्रेष्ठले चीनसँग जोडिएका तीनवटै मुख्य नाका ठप्प हुँदा दुवै मुलुकबिच हुने आयात-निर्यात ठप्प भएको बताउनुभयो । उहाँले भन्नुभयो, "यही भदौ १० गते भोटेकोसीमा गएको बाढीले रसुवा नाकाको तहसनहस नै बनायो । जसका कारणले सो नाका कहिले सञ्चालनमा आउने कुनै टुङ्गो छैन । भोटेकोसीमा बाढी आएको केही समयमै चिनियाँ पक्षले तातोपानी नाकाबाट पनि आयात निर्यात ठप्प पारेपछि चीनसँगको मुख्य नाका पूरै ठप्पै जस्तो छ ।"

उहाँले चाडपर्वलाई लक्षित गरेर चीनबाट ल्याउन लागेका वस्तु तथा सरसमान उतै रोकिँदा व्यवसायी तथा व्यापारी चर्को मारमा परेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "व्यापारीले ऋणधन गरेर चीनबाट आयात गर्नुभएको वस्तु तथा समान चिनियाँ भूमिमा नै रोकिएका छन् । यसले व्यापारीहरूको ऋणको भार बढी रहेको छ भने अर्कोतर्फ सरसमान कहिले आउने भन्ने अनिश्चित कायमै छ । सरकारले चीन सरकारसँग कूटनीतिक पहलकदमी गरेर तत्कालै नाका तातोपानी नाका खुलाउने प्रयास गर्न जरुरत भइसकेको छ ।"

रसुवा नाका र तातोपानी नाका अवरुद्ध भएसँगै पछिल्लो समय मुस्ताङको कोरला नाका हुँदै चीनतर्फबाट वस्तु तथा सरसामान आयात र निर्यात हुँदै आइरहेको थियो तर यही असोज ८ देखि ११ गतेसम्मको लगातारको वर्षात्का कारणले कालीगण्डकी कोरिडोर आसपासमा सडक तथा पुललगायतका संरचनामा क्षतिग्रत बनाएपछि अहिले कोरला नाका हुँदै हुने वैदेशिक व्यापार पनि रोकिएको छ ।

नेपाल हिमालयन सीमापार वाणिज्य सङ्घका महासचिव रामचन्द्र पराजुलीले चीनसँग जोडिएका मुख्य लाइफलाइनका रूपमा चिनिने रसुवा, तातोपानी र कोरला नाका अवरुद्ध हुँदा चीनसँग हुने वैदेशिक व्यापार चौपट भएको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले त चीनसँग जोडिएका मुख्य सडकमार्गको पहुँच नै टुटेको छ । भोटेकोसीमा गएको बाढीपहिरो पछि रसुवा र तातोपानी नाकाबाट कोरला नाकातर्फबाट ल्याउन खोजिएका करिब ७०० भन्दा धेरै कन्टेनर सडक अवरुद्ध भएकाले चीनको भूमिका रोकिएका छन् ।"

सङ्घका महासचिव पराजुलीले चीनतर्फबाट आयात गरेर ल्याउन लागिएका करिब रु. पाँच अर्ब रकम पर्ने वस्तु तथा सामान चिनियाँ नाकामा रोकिएको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "नेपाल सरकारले चीनसरकारसँग पर्याप्तमात्रामा कूटनीतिक पहलकदमी गरेर तातोपानी नाका खुलाउने प्रयास गर्नुपर्ने बेला भइसक्यो । जति ढिलो भयो, त्यति नै ठुलो असर पर्नेछ । कोरला नाकातर्फ पनि विभिन्न स्थानमा सडक र पुललगायतका संरचनामा क्षति भएकाले पनि सरकारले तत्कालै सडक तथा पुल मर्मतसम्भार गरेर सञ्चालन गर्न आवश्यक छ ।"

**यस्तो छ मुख्य नाकाको वैदेशिक व्यापार**

भन्सार विभागका अनुसार आव २०८२/८२ मा रसुवा भन्सार नाका हुँदै रु. ४५ अर्ब ७३ करोड ८२ लाख ६४ हजार मूल्य पर्ने वस्तु तथा सामान आयात भएको थियो । सो आवमा कुल आयातमध्ये यो भन्सारको हिस्सा भने दुई दशमलव १८ प्रतिशत छ । त्यस्तै सोही आवमा रसुवा भन्सार हुँदै रु. ८९ करोड ४६ लाख एक हजार मूल्यपर्ने वस्तु तथा सामान विदेशी मुलुक निर्यात भएको थियो । आव २०८१/८२ मा रसुवा भन्सार हुँदै रु. ८५ अर्ब २३ करोड २३ लाख ६० करोड मूल्य पर्ने वस्तु तथा सामान भित्रिएका थियो । सो आवमा कुल आयातमध्ये उक्त भन्सार नाकाको आयातको हिस्सा भने चार दशमलव ७२ प्रतिशत छ । त्यस्तै यो नाका हुँदै सो आवमा रु. दुई अर्ब चार करोड ५२ लाख ६१ हजार मूल्यपर्ने वस्तु तथा सामान निर्यात भयो ।

रसुवा नाका मात्रै नभएर चीनसँग सडकमार्गबाट जोडिएको तातोपानी भन्सार नाकाबाट पनि आयात निर्यात हुँदै आइरहेको छ । भन्सार विभागका अनुसार आव २०८२/८३ मा तातोपानी नाका हुँदै रु. ४७ अर्ब ४८ करोड ६१ लाख १८ हजार मूल्यपर्ने वस्तु तथा सामान नेपाल भित्रिएको छ । नेपाल भर हुने कुल आयातमध्ये यो नाकाको हिस्सा भने दुई दशमलव २७ प्रतिशत छ । सो आवमा यो नाका हुँदै हुने निर्यात भेन नगण्य रहेको छ ।

त्यसैगरी, आव २०८१/८२ मा यो नाकाबाट रु. ५० अर्ब ३९ करोड ५८ लाख ६२ हजार मूल्यपर्ने वस्तु तथा सामान आयात भयो । यो आवमा कुल निर्यातमध्ये यो नाकाको हिस्सा भने दुई दशमलव ७९ प्रतिशत छ । त्यस्तै यो नाका हुँदै निर्यात भने शूल्य जस्तै छ । आव २०८२/८३ मा मुस्ताङ नाका हुँदै १४ अर्ब ४० करोड ६७ लाख २८ हजार मूल्यपर्ने वस्तु तथा सामान भित्रिएको छ । कुल आयातमध्ये यो नाकाको हिस्सा शून्य दशमलव ६९ प्रतिशत छ । सो आवमा यो नाका हुँदै २० करोड ५५ लाख ७५ हजार मूल्यपर्ने वस्तु तथा सामान निर्यात भएको छ । निर्यातमा यो नाकाको हिस्सा भने शून्य दशमलव ०७ प्रतिशत मात्रै छ ।

पूर्वाधार विकासमन्त्री सुनील लम्सालले यही असोज ९ गते नेपालका लागि चिनिया राजदूत वाङ माओमिङसँग भेटघाट गर्दै रसुवामा बाढीबाट क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण तथा विकास र रसुवागढी केरुङ नाका पुन: सञ्चालनलगायतको विषयमा चीन सरकारकोतर्फबाट आवश्यक सहयोग गर्न अनुरोध गर्नुभएको छ । करिब छ लाख ५० हजारभन्दा धेरै नेपाली नागरिकसँग जोडिएको छ । मन्त्री लम्सालले तातोपानी र कोरला नाकालगायत जतिसक्दो छिटो सञ्चालनका लागि आवश्यक पहल कदमी गरिदिनका लागि चिनियाँ पक्षसँग अनुरोध गर्नुभएको छ ।

मन्त्री लम्सालले करिब छ लाख नेपाली नागरिकको राज्यसँगको सम्पर्क तथा सहज आवतजावत र कोरला तथा तातोपानी नाकाको प्रभावकारी सञ्चालनलगायत विषयमा चीन सरकारबाट आवश्यक समन्वय गर्नका लागि आह्वान गर्नुभएको छ । चिनियाँ राजदूत वाङ माओमिङले नेपालको प्रमुख व्यापारिक केन्द्रका रूपमा रहेको रसुवागढी नाकाको पुनर्निर्माण तथा सञ्चालनका लागि विशेष अध्ययन गरी दीर्घकालीन र प्रभावकारी पूर्वाधार निर्माण गर्न सकिने बताउनुभयो । राजदूत वाङले कोरला र तातोपानी नाका सञ्चालनका लागि चीन सरकार सकारात्मक रहेको जानकारी दिँदै रसुवागढी नाकाको पुनर्निर्माण तथा सञ्चालनका सम्बन्धमा नेपाल सरकारले विशेष प्रस्ताव पठाएमा आवश्यक समन्वय र सहयोगका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । *रासस*


## हार्दिक समवेदना



हाम्रा हितैषी मित्र चन्द्रप्रसाद दुमरुका पूजनीय बुबा **रत्नलाल दुमरू**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

जन्म : १९९२/१२/२३
निधन: २०८३/०६/१३

**प्रथम भलिबल प्रशिक्षण समूह**
भक्तपुर

## हार्दिक समवेदना



जन्म
१९९२/१२/२३

स्वर्गारोहण
२०८३/०६/१३

यस विद्यालयका विद्यालय व्यवस्थापन समितिका सदस्य पुण्यराम दुमरुका पूजनीय पिता **रत्नलाल दुमरू**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**वीज्डम इङ्गलिस स्कूल परिवार**
**विद्यालय व्यवस्थापन समिति**
कमलविनायक-१०, भक्तपुर

*मृत्यु शाश्वत सत्य*

## हार्दिक समवेदना

जन्म
१९९८/०५/१५



स्वर्गारोहण
२०८३/०६/०७

**न्हुछेमाया लवजु**

हाम्रा समूहका हितैषी मिलनसार, सहयोगी, मृदुभाषी, लगनशील सदस्य सत्यमाया लवजुकी ममतामयी सासूआमा **न्हुछेमाया लवजु**को दु:खद निधन भएकोले हामी शोकमा छौँ । आज दसौँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**जगाती कल्याण समूहका साथीहरू**

| | | |
|---|---|---|
| केदारप्रसाद त्वानाबासु | रामगोपाल कवां | राजु मानन्धर |
| कृष्णभक्त कुस्मा | दिलमाया लवजु | रामलक्ष्मी कवां |
| विश्वराम अवाल | रेशमबहादुर श्रेष्ठ | गणेश गोसाई |
| रामकृष्ण जाकिबन्जार | लक्ष्मीनारायण कवां | जीवन कवां |
| सागर कवां | हरि सायजु | श्यामकृष्ण लाखा |
| दिलबहादुर त्वी त्वी | बुद्धलक्ष्मी लाखेमरु | नरेश सुखुपायो |
| | शंखमाया त्यात | |

## हार्दिक समवेदना



यस सङ्घका अध्यक्ष चन्द्रप्रसाद दुमरुका पूजनीय पिता **रत्नलाल दुमरू**को चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

जन्म : १९९२/१२/२३
निधन: २०८३/०६/१३

**नेपाल क्रान्तिकारी युवा सङ्घ**
भक्तपुर नगरपालिका-७, इनाचो, चोर्चा, भक्तपुर



## समझदारी बचत तथा ऋण सहकारी संस्था लि.

वासिक टोल-३, भक्तपुर

### १९ औं वार्षिक साधारणसभामा उपस्थित हुने सम्बन्धी सूचना

श्री सम्पूर्ण शेयर सदस्यज्यूहरू,

यस संस्थाको मिति २०८३/०५/१५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको १९ औं वार्षिक साधारणसभा संस्थाका ज्येष्ठ सदस्यको प्रमुख आतिथ्यमा २०८३ असोज १७ गते, शनिबार हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति** : **२०८३ असोज १७ गते, शनिबार**
**स्थान** : **बाराहीपीठ, भक्तपुर**
**समय** : **बिहान ७:०० बजेदेखि १०:०० बजेसम्म**

**नोट** :

१) पत्र वा पासबुकसहित उपस्थित सदस्यहरूलाई मात्र खाजा खर्च वितरण गरिनेछ ।
२) लगातार ६ महिनासम्म नियमित बचत नगर्ने र ३ महिनासम्म ऋणको ब्याज नतिर्ने सदस्यहरूलाई खाजा खर्च दिइनेछैन ।
३) शेयर सदस्यहरूलाई प्रदान गर्दै आएको शेयर सुविधा रकम २०८३ असोज १९ गतेदेखि २३ गतेसम्ममा संस्थाबाटै वितरण गरिनेछ । सो शेयर सुविधा रकम लिन नआएमा सदस्यहरूको खातामा जम्मा गरिदिने व्यहोरा सूचित गरिन्छ ।



## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
## थंथु दरबार पुन: निर्माण आयोजना

वाग्मती प्रदेश, दरबार स्क्वायर-३, भक्तपुर

### बोलपत्र आशयको सूचना

**प्रकाशित मिति : २०८३/०६/१६ गते**

भक्तपुर नगरपालिका कार्यालयद्वारा सञ्चालित थंथु दरबार पुन: निर्माण आयोजना कार्यालयबाट आ.व. २०८३/०८४ मा थंथु दरबार पुन: निर्माण कार्यको लागि आवश्यक साल काठ खरिदको लागि प्रकाशित सूचनाअनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूमध्ये देहायका कम्पनीको बोलपत्र सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(१) र २७(२) प्रयोजनार्थ सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | कबोल अङ्क (भ्याटसहित) | सारभूत रुपमा प्रभावग्राही कम्पनी |
|---|---|---|---|---|
| १. | Thanthu/NCB/Goods/01/083/84 | Supply & Delivery of different Size of Nepali Salwood for Thanthu Durbar Re-Construction Project | रू.१,६७,६३,८२१।२० | Framing Construction Services Pvt. Ltd. Bhaktapur |

# भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.

फोन नं. ०१–६६१४६८६, ९८६०११६४४४

## २९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको २०८३ भदौ १५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको २९ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरूमा उपस्थितिको लागि अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति** : **२०८३ असोज १७ गते, शनिबार**
**समय** : **बिहान १०:०० बजे**
**स्थान** : **ब्रह्मायणी पीठ**

**छलफलका विषयहरू**

१. आ.व. २०८२/२०८३ को सञ्चालक समितिको प्रगति प्रतिवेदन तथा आ.व. २०८३/०८४ को कार्यक्रम तथा अनुमानित वार्षिक बजेट ।
२. आ.व. २०८२/२०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
३. आ.व. २०८३/२०८४ को लागि बाह्य लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण ।
४. आ.व. २०८२/२०८३ को बाह्य लेखा परीक्षण प्रतिवेदन ।
५. संरक्षित पुँजी फिर्ता कोष वितरण ।
६. लाभांश निर्धारण ।
७. संस्थाको नीति कार्यविधि संशोधन ।
८. नयाँ कार्यविधि अनुमोदन ।
९. साधारणसभाको माइन्युट प्रमाणित गर्न प्रतिनिधिहरू चयन ।
१०. विविध ।

**पुनश्च** :

१. साधारणसभामा उपस्थित भएबापत प्रतिशेयर सदस्यलाई करसहित रु. ६००।- (पाउने रकम रु. ५१०+ कर रु.९०) तथा बाल बचतकर्तालाई करसहित रु. ५००।- (पाउने रकम रु. ४२५+ कर रु.७५) खाजा खर्च रकम वितरण हुनेछ ।
२. उपस्थितिको लागि २०८३ असोज १६ गते बिहान ७:३० बजेदेखि ४:३० बजेसम्म संस्थाको कार्यालयमा र २०८३ असोज १७ गते, बिहान ९:०० बजेदेखि ३:०० बजेसम्म साधारणसभा स्थल ब्रह्मायणी पीठमा उपस्थिति जनाउन सकिनेछ ।
३. लाभांश रकम सदस्यकै खातामा पठाइनेछ र २०८३ असोज २० गते मङ्गलबारदेखि लाभांश रकम वितरण गर्नेछ ।
४. उपस्थित हुँदा अनिवार्य रूपमा पासबुक वा परिचयपत्रका साथ स्वयम् आउनु पर्नेछ ।
५. ऋणमा भाखा नाघेका ऋणीहरूलाई लाभांश तथा संरक्षित पुँजी फिर्ता कोषको सुविधा प्रदान गरिनेछैन ।

**सञ्चालक समिति**

**सिद्धि गणेश कर्नर** हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

## ३२औं वार्षिक साधारणसभामा उपस्थिति हुनेसम्बन्धी सूचना

यस संस्थाको **३२औं वार्षिक साधारणसभा कार्यक्रम** देहायका विषयहरूमा छलफल तथा निर्णयहरू गर्न **मिति २०८३/६/१७ गते, शनिबार दिउँसो १:00 बजे महेश्वरी बैङ्क्वेट, थुसाँचामा आयोजना गरिने** हुँदा सभामा उपस्थित हुन सम्बन्धित सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

**सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत हुने विषयहरू**

१. आ.व. २०८२/०८३ को प्रगति विवरण र आ.व. २०८३/०८४ को प्रस्तावित कार्यक्रम ।
२. आ.व. २०८२/०८३ को आय-व्यय विवरण र आ.व. २०८३/०८४ को अनुमानित बजेट ।
३. आ.व. २०८२/०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
४. आ.व. २०८२/०८३ को लेखा परीक्षकको प्रतिवेदन तथा आ.व.२०८३/०८४ का लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।
५. शेयर लाभांश सम्बन्धमा ।
६. संरक्षित पुँजी फिर्ता कोष सम्बन्धमा ।
७. आन्तरिक नीति र कार्यविधि सम्बन्धमा ।
८. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको चयन ।
९. साधारणसभाको माइन्युट प्रमाणीकरण

***नोट***:

**१.** मिति २०८३/०६/१६ गते, शुक्रबार बिहान ०७:०० बजेदेखि ५:०० बजेसम्म सिद्धि गणेश सहकारी भवन, चोर्चा (**सदस्य नं. १ देखि ८००० सम्मका सदस्यहरू**) र सिद्धि गणेश तालिम हल, खँचामा (**सदस्य नं. ८००१ देखि माथिका सदस्यहरू**) उपस्थिति तथा सुझावपुस्तिका खुला रहने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।
**२.** मिति २०८३/०६/१७ गते, शनिबार बिहान ७:०० बजेदेखि दिनको ५:०० बजेसम्म (महेश्वरी बैङ्क्वेट) सभा स्थलमा उपस्थिति खुला रहने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।
**३.** संस्थामा मिति २०८३/६/१५ गतेसम्म सदस्य भएका उपस्थित हरेक साधारण सदस्यलाई खाजा खर्च बापत रू.४७१।-(करकट्टी पछि रू.४००) प्रदान गर्ने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।

**सञ्चालक समिति**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

**सुशासन...**
अवधारणालाई सरकारले कसरी हेरिरहेको छ ? स्पष्ट छैन । सञ्चारमाध्यममा आएअनुसार हाल नेपालमा विदेशी विश्वविद्यालयका शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त कलेजको सङ्ख्या ५९ रहेको छ । त्यसमध्ये हाल ५६ वटा सञ्चालनमा रहेको बताइएको छ । ती कलेजमा ३७ हजार २०८ विद्यार्थी अध्ययनरत रहेको जानकारी प्रकाशमा आएको छ । नेपाली विद्यार्थीलाई स्वदेशमै नेपाल सरकार र नेपालीले चलाएको शिक्षण संस्थाहरुबाट शिक्षा दिएका भए नेपाली विद्यार्थीहरू न विदेश जान बाध्य हुन्छन् न त विदेशी विद्यालयमा पढ्ने बाध्यता नै हुन्छन् । सरकारले विदेशी विश्व विद्यालयबाट सम्बन्धन पाएका कलेजलाई मान्यता दिने कि आफ्नै देशमा सरकार र नेपालीले चलाएका विश्वविद्यालयलाई मान्यता दिने ? स्थानीय विश्वविद्यालय चलाउन स्वीकृति माग्दा वास्ता नगर्ने अनि विदेशी विश्वविद्यालय चलाउन स्वीकृति दिने ? विदेशी विश्वविद्यालयलाई स्थान दिने कि स्वदेशी विश्वविद्यालयलाई ? विदेसिने विद्यार्थीको सङ्ख्या किन बढ्दै छ ? यसमा सरकारको मूल्याङ्कन खोइ ? मन्त्रालयले गत असार २३ मा विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन तथा नियमन) नियमावली २०८३ जारी गऱ्यो । यसले विदेशीको हित गर्छ कि स्वदेशीको हित गर्छ ? उक्त कलेज र विश्वविद्यालयको चर्को शुल्क र शैक्षिक क्रियाकलापको निगरानी कसले गर्छ ? मूल्याङ्कन गर्न गठित अनुगमन तथा मूल्याङ्कन समितिले आफ्नो कर्तव्य इमानदारीपूर्वक निर्वाह गर्ला कि नगर्ला ? नेपालमै विदेशी विश्वविद्यालयका शैक्षिक कार्यक्रम सञ्चालन भएपछि विद्यार्थीले विदेशमा भन्दा स्वदेशमा अध्ययन गर्दा धेरै कम रकम खर्च हुन्छ रे । त्योभन्दा पनि सरकारले नै विश्वविद्यालय खोल्दा कम खर्च हुन्छ खोइ ? कतै सरकार विदेश इसारामा चलिरहेको त छैन ? नेपाल र नेपालीको भन्दा विदेशी र विदेशीको स्वार्थ खोज्ने तथा हेर्ने सरकारले देशको विकास चाहँदैन । यसले नेपाल र नेपालीको प्रगति हुँदैन । यतातर्फ रास्वपा सरकारको ध्यान गएको छैन ।

## हार्दिक समवेदना



जन्म
१९९२/१२/२३

स्वर्गारोहण
२०८३/०६/१३

यस समूहका सदस्य चन्द्रप्रसाद दुमरुका पूजनीय पिता **रत्नलाल दुमरू**को चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**११ गते बचत समूह**
भक्तपुर

## हार्दिक समवेदना



जन्म
१९८९

स्वर्गारोहण
२०८३/०६/१३

**गोप थुकु धिङ्ग्री**

हाम्रा आत्मीय मित्र केदार धिङ्ग्रीकी ममतामयी माता **गोप थुकु धिङ्ग्री**को दु:खद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**१५ गते समूहका साथीहरू**

| | | |
|---|---|---|
| कृष्ण बोहजु | कृष्णप्रसाद बोहजु (ठुलो) | राजु पाकुर |
| रत्नप्रसाद बासी | कृष्णप्रसाद बोहजु (सानो) | पुण्यराम लवजु |
| धनबहादुर बोहजु | विष्णुप्रसाद बोहजु | पुण्यराम बासी |

# हार्दिक समवेदना



**जन्म**
**१९९२/१२/२३**

**निधन**
**२०८३/०६/१३**

**स्व. रत्नलाल दुमरू**

यस संस्थाका सञ्चालक सदस्य रामचन्द्र दुमरू र वित्त तथा प्रशासन अधिकृत चन्द्रप्रसाद दुमरूका पूजनीय पिता एवं संस्थाका सदस्य नं. १६२६ का **रत्नलाल दुमरू**को दु:खद निधन भएकोमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सञ्चालक समिति**
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भक्तपुर नगरपालिका - ७, चोर्चा, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा